

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम



Empowered lives.
Resilient nations.

# वार्षिक प्रतिवेदन २०१८

**युएनडीपी नेपाल**



*मुखपृष्ठ : टीकापुरका केरा किसान जितबहादुर चौधरी । युएनडीपीको सहयोगमा नेपालका किसानहरूले जलवायु अनुकुलन खेती अंगीकार गर्न थालेका छन् ।*

*लक्ष्मीप्रसाद ङाखुसी / युएनडीपी नेपाल*

Scan me

# विषय सूची


प्राक्कथन ५

**दिगो विकास लक्ष्य र युएनडीपी** **७**

संख्यामा सन् २०१८ ८

खण्ड १

**दिगो आर्थिक वृद्धिको प्रवर्द्धन** **१०**

फिचर : बाढीपछिको पुनःस्थापनामा नेपाललाई चिनियाँ सहयोग १७

खण्ड २

**लोकतान्त्रिक शासन र कानुनी शासन** **१८**

फिचर : वास्तविक इच्छाशक्ति २७

खण्ड ३

**उत्थानशिलता प्रवर्द्धन** **२८**

फिचर : डकर्मी सीपमा शर्मिलाको फड्को ३५

खण्ड ४

**लैंगिक समानता र सामाजिक समावेशिता** **३६**

अपांग-समावेशी विकासको प्रवर्द्धन ३९

**नवीन खोज** **५०**

**युएनडीपी नेपालका शाखा कार्यालयहरू** **५०**

**अनुसन्धान र प्रकाशनहरू** **५०**

**संयुक्त राष्ट्रसंघ स्वयंसेवक** **५०**

**युएनडीपी नेपाल र संयुक्त राष्ट्रसंघ प्रणाली** **५०**

**लगानी स्रोत र साझेदारी** **५०**

योगदान गर्ने हाम्रो साझेदारहरु ५१

युएनडीपी नेपाल : हामी कहाँ काम गर्छौं ५३



विश्व वातावरण दिवसको अवसरमा युवासमुहले पाटनमा सरसफाई कार्यक्रम गर्दै ।
© लक्ष्मीप्रसाद ङाखुसी / युएनडीपी नेपाल





# प्राक्कथन

सन् २०१७ को निर्वाचनले नेपालमा स्थायित्वको नयाँ चरण खुला गरेको छ। यसले देशलाई आफ्नो विकास लक्ष्यमा केन्द्रित हुने अवसर प्रदान गरेको छ। केही वर्षयता संघीयताप्रति ठोस कदम चालिएको छ। नयाँ प्रणालीले नेपालका अत्यन्तै पिछाडिएको क्षेत्रमा समावेशिता बढाउने र असमानता न्यूनीकरण गर्ने सम्भावना छ। यसको प्रभावस्वरूप आवाजविहीनहरूको प्रतिनिधित्व हुनेछ। युएनडीपी नेपालको सहायतामा नागरिक समाजको सहभागिता बढाउने, निर्वाचित संस्थाको सुदृढीकरण र सेवा प्रवाह तथा न्यायको पहुँच सबैमा समान बनाउन संयन्त्र स्थापित भएको छ।

नेपालले संघीयताको पाइला चालिरहँदा यसले दिगो विकास लक्ष्यको कार्यान्वयनमा पनि विश्वको नेतृत्व गरिरहेको छ। दिगो विकास लक्ष्यको आधार अन्तर्राष्ट्रिय समुदायलाई बुझाउने पहिलो राष्ट्र भएको नाताले नेपालले दिगो विकास लक्ष्यको नवीन सोचको नेतृत्व गरेको छ। सन् २०१८ मा युएनडीपीको सहायतामा सरकार र सबै सरोकारवालालाई ऐजेन्डा २०३० मा जोड्ने गरी दिगो विकास लक्ष्य स्थानीयकरण प्लेटफर्म स्थापना भएको छ। दिगो विकास लक्ष्य स्थानीयकरण भइरहँदा नेपाल सरकारले भने आफूलाई आवश्यक पर्ने लगानी, खर्च र स्रोतको आकलनसहितको विवरण तयार पारिरहेको छ। आन्तरिक र अन्तर्राष्ट्रिय लगानीका लागि सुहाउँदो वातावरण तयार पार्दा नेपालको विकास लक्ष्यको जग झन् बलियो हुन्छ। यसका लागि युएनडीपी नेपालले आवश्यक पर्ने प्राविधिक सहायता उपलब्ध गराउँछ। विश्वव्यापी रूपमा भर्खरै सुरुवात गरिएको दिगो विकास लक्ष्य गतिवर्द्धक प्रयोगशालाको माध्यमबाट युएनडीपीले नेपाललाई आफ्नो विज्ञतामार्फत दिगो विकासका मुद्दाहरू चाँडै अगाडि बढाउन मद्दत गर्न सक्छ।

दिगो विकास लक्ष्य हासिल गर्न निजी क्षेत्रको सहभागिता महत्वपूर्ण छ। नेपालका केही ठूला व्यवसायीहरूले यी लक्ष्यका लागि महत्वपूर्ण कदम चालेका छन्। चौधरी ग्रुप र यती एयरलाइन्स यसमा देखिएका छन्। जब कुनै कम्पनीहरूले आफ्नो व्यापारशैली दिगो विकास लक्ष्यसँग ढाल्छन् यस्तो बेलामा सबैको जित हुन्छ। कर्पोरेट क्षेत्रमा दिगो विकास लक्ष्यको कार्यान्वयन सामाजिक उत्तरदायित्वका लागि मात्रै नभएर तल्लो तहदेखि नै राम्रो हुन्छ। नेपालका सार्वजनिक र निजी संस्थाहरूले विकास लक्ष्य प्राप्तिका लागि एकीकृत यात्रा तय गर्न देखाएको अग्रसरता र नवीन सोचको प्रशंसा गर्नुपर्छ।

सन् २०१८ मा युएनडीपीले आफ्नो गरिबी निवारण कार्यक्रम मेडेपको अन्त्य गरेको छ। अष्ट्रेलियाली सरकारको सहयोगमा सञ्चालित उक्त कार्यक्रम उद्यमीका लागि प्रेरित गर्ने खालको थियो, जसको प्रभावस्वरूप कार्यक्रमको अन्त्यसम्ममा यसले १ लाख ४० हजारलाई उद्यमी बनाउन सफल भएको थियो। मेडेपको सकारात्मक नतिजाका कारण सरकारले यो कार्यक्रम पूर्ण रूपमा अंगिकार गर्दै महिला र सीमान्तकृत तथा पिछडिएका समुदायको उत्थानशीलताको विकासको लागी यस प्रकारको कार्यक्रमलाई देशैभरी बिस्तार गर्ने उद्देश्य आफ्नो रणनीतिमा राखेको छ।

नेपाललाई उत्थानशील राष्ट्रका रूपमा अघि बढाउने हो भने विपद् जोखिम न्यूनीकरणका लागि पनि काम गर्नुपर्ने हुन्छ। सन् २०१८ मा युएनडीपीको सहायतामा नेपालले विपद् जोखिम न्यूनीकरणसम्बन्धी राष्ट्रिय नीति र रणनीतिक योजना विकास गरेको थियो जसले भविष्यमा विपद् जोखिम न्यूनीकरणको संरचना निर्माणका लागि आधार प्रदान गरेको छ। नगरिक र सम्पत्तिको सुरक्षाका लागि विपद् जोखिम न्यूनीकरण संस्थागत गर्न नेपाल सरकारले गरेको यो अर्थपूर्ण लगानी हो जुन विपद् जोखिम न्यूनीकरणको सेन्डाई खाकामा आधारित छ। यसका साथै सन् २०१८ मा युएनडीपीले सरकारलाई नवनिर्मित भवनहरू भविष्यमा आउने जोखिममा सुरक्षित रहुन् भन्नका लागि भवन संहिताअनुसार बनेको सुनिश्चितता गर्न सहयोग गर्दै भूकम्पपछिको पुनर्निर्माणको गतिमा सघाएको छ।

अन्त्यमा, संयुक्त राष्ट्र संघको विश्वव्यापी सुधार प्रकृया जारीभइरहेको समयमा नेपालमा पनि राज्य संरचना सुधारको प्रक्रिया चलिरहेको छ। संयुक्त राष्ट्र संघको सुधारसँगै युएनडीपी भित्र पनि परिवर्तन हुनेछ। कर्पोरेट संरचनामा आउने यो परिवर्तनले विकास र गरिबी न्यूनीकरणका लागि विश्वसनीय साझेदार रहँदै यूनएनडीपीको संरचनामा पुनर्विचार गर्ने अवसर दिएको छ। नेपालमा केही नयाँ दाताबाट पनि विकास लगानी जुटाउन युएनडीपी सफल भएको छ। चीन, भारत, कतार र थाइल्यान्डजस्ता देशसँगको साझेदारीमा विपद् प्रभावित क्षेत्रमा विपद् पछिको पुनरुत्थान कार्यक्रम सञ्चालनका लागि युएनडीपी सफल भएको छ।

नेपालले दिगो विकास लक्ष्यका लागि लगानी संरचना तयार गर्दै अघि बढिरहदा आउने वर्षहरुमा आर्थिक विकासका लागि लगानीको बाटो तय गर्नेछ, जलवायु परिवर्तनको चुनौती सम्बोधन गर्नेछ र चरम गरिबी एवं असमानता निवारणका लागि अर्थपूर्ण कदम चालिनेछ। यहाँ अहिले युवा जनसंख्याको बाहुल्य छ, जुन नेपालका लागि अमूल्य स्रोत हो। यही समूहबाट विकास समस्याको समाधान गर्ने नवीन सोचसहितको समाधान निस्कने छ। एजेन्डा २०३० का लागि नेपालसँगै काम गर्न पाउनु युएनडीपीका लागि खुसीको कुरा हो।

**रेनो मेयर**
राष्ट्रिय निर्देशक
युएनडीपी नेपाल

**भेलरी जुलियान्ड**
नेपालका लागि संयुक्त राष्ट्रसंघीय
आवासीय संयोजक तथा
युएनडीपी आवासीय प्रतिनिधि

# दिगो विकासका लक्ष्यहरू

SUSTAINABLE DEVELOPMENT GOALS

१. गरिबीको अन्त्य

२. भोकमरीको अन्त्य

३. स्वस्थ र समुन्नत समाज

४. गुणस्तरीय शिक्षा

५. लैङ्गिक समानता

६. सफा पानी तथा सरसफाइ

७. स्वच्छ ऊर्जामा सहज पहुँच

८. मर्यादित काम तथा आर्थिक वृद्धि

९. उद्योग, पूर्वाधार र नवीन सिर्जना

१०. न्यून असमानता

११. दिगो सहर र समुदायहरू

१२. मर्यादित रोजगार उत्पादन

१३. जलवायु परिवर्तनमा तत्काल पहल

१४. जलमुनिको जैविक विविधताको संरक्षण

१५. जमिनमाथिको जैविक विविधताको संरक्षण

१६. शान्ति, न्याय र सशक्त निकायहरू

१७. लक्ष्य प्राप्तिका लागि साझेदारी

# दिगो विकासका लक्ष्यहरू र युएनडीपी

दिगो विकास लक्ष्यले आफ्नो १५ वर्षमध्ये चारवर्षे यात्रा तय गरिसकेको छ। यो छोटो समयमा नेपालले आफ्नो राष्ट्रिय दिगो विकास लक्ष्य प्राथमिकता हासिल गर्न बलियो जग तयार पारेको छ। सन् २०१५ मा दिगो विकास लक्ष्य सुरु भएयता नेपालको प्रशंसनीय प्रारम्भिक प्रगतिमा युएनडीपी दिगो विकास लक्ष्यको विज्ञतामा सघाउने भरपर्दो स्रोत भएको छ।

दिगो विकास लक्ष्य मापन गर्ने सुरुवाती विन्दु दिगो विकास लक्ष्य आधार तयार पार्ने पहिलो देशमा नेपाल पर्छ। विश्वव्यापी सोचलाई स्थानीय काममा ढाल्नु, राष्ट्रिय आवश्यकता पूर्तिका लागि विश्वव्यापी लक्ष्यलाई अंगीकार गर्नु दिगो विकास लक्ष्यको सबैभन्दा महत्वपूर्ण कदम हो। सन् २०१८ मा युएनडीपीले नेपाललाई दिगो विकास लक्ष्य स्थानीयकरण प्लेटफर्म निर्माणमा सघाएको थियो। यो सरकार र अन्य सरोकारवालाले दिगो विकास लक्ष्यलाई मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने संयन्त्र हो। विज्ञ र अनुभवी साझेदारसँगै यो संयन्त्रले सरकार, निजी क्षेत्र र नागरिक समाजलाई पनि सहभागी गराउँछ।

राष्ट्रिय र सहायक संरचनाको विशेष आवश्यकता पूरा हुने गरी युएनडीपीको सहायतालाई परिमार्जन गरिएको छ। सन् २०१८ मा युएनडीपीको सहायतामा राष्ट्रिय योजना आयोगले वर्तमान नीतिहरू र अनुगमनको प्रारूपलाई दिगो विकास लक्ष्यसँग समाहित गरेको छ। उपराष्ट्रिय तहमा युएनडीपीले दिगो विकास लक्ष्यमा उनीहरूको भूमिका र गति प्रवर्द्धनका लागि प्रदेश सरकार, नागरिक समाज र निजी क्षेत्रसँग काम गरिरहेको छ। गण्डकी प्रदेश र प्रदेश ५ गरी दुईवटा प्रदेश सरकारले प्रदेशस्तरीय दिगो विकास लक्ष्यको आधार प्रतिवेदन तयार पारेका छन्।

दिगो विकास लक्ष्यको स्थानीयकरण प्रक्रियाका लागि युएनडीपीले नेपाली भाषामा दिगो विकास लक्ष्यसँग सम्बन्धित ज्ञानवर्द्धक सामग्री उत्पादन र स्थानीय तहमा वितरण गर्दै आएको छ। यसमा राष्ट्रिय स्तरको दिगो विकास लक्ष्य आधार प्रतिवेदन, राष्ट्रिय र प्रदेश सरकारका लागि दिगो विकास लक्ष्यसँग समाहित गरिएको अनुगमन र मूल्यांकन निर्देशिका र दिगो विकास लक्ष्यसम्बन्धी पर्चाहरू पर्छन्।

*सन् २०१७ मा दिगो विकास लक्ष्यलाई अग्रता दिन युएनडीपीले नेपाल सरकार, निजी क्षेत्र, नागरिक समाज र सञ्चार माध्यमहरूसँग निकटमा रहेर काम गर्ने कार्यलाई निरन्तरता दियो।*

दिगो विकास लक्ष्य हासिल गर्न राम्रा तथ्यांकहरू महत्वपूर्ण हुन्छन्। विशेषगरी स्थानीय र प्रदेश तहमा यो झन् महत्वपूर्ण हुन्छ। नेपाललाई विश्वसनीय तथ्यांकमा पहुँच पुऱ्याउनका लागि युएनडीपीले केन्द्रीय तथ्यांक विभागलाई दिगो विकास लक्ष्यमैत्री तथ्यांक चित्र प्रारूप तयार पार्न सघाएको छ। यो अनलाइनमा आधारित राष्ट्रिय तथ्यांक केन्द्र हो। यो अनलाइन तथ्यांक केन्द्रले सबै तहका सरकारसम्बन्धी एकीकृत र केन्द्रिकृत गरी तथ्यांकहरू वितरण गर्ने अनुमान छ। यसले दिगो विकास लक्ष्यका १७ वटा बुँदासम्बन्धी सबै स्थानीय तह र प्रदेशका तथ्यांकहरू छुट्टाछुट्टै रूपमा दिन सक्छ।

दिगो विकास लक्ष्यमा निजी क्षेत्रले खेल्ने भूमिका महत्वपूर्ण हुन्छ र गत वर्ष युएनडीपी दिगो विकास लक्ष्यका लागि उद्यमी एकीकरणमार्फत निजी क्षेत्रसँग सहकार्यमा रहयो। सन् २०१७ मा स्थापना भएको यो अनौपचारिक गठबन्धन हो, जसको सहजीकरण युएनडीपीले गरिरहेको छ र यसले दिगो विकास लक्ष्यका लागि नैतिक, जिम्मेवार तथा दिगो व्यवसायको प्रवर्द्धन गरिरहेको छ। यो उस्तै सोचाइ भएका र आफ्नो व्यापार सञ्चालनलाई दिगो विकास लक्ष्यसँग जोड्न चाहने र दिगो विकास हासिलका लागि हातेमालो गर्न चाहने उद्यमीहरूको गठबन्धन हो। सन् २०१८ मा यति एयरलाइन्सले सगरमाथाबाट ४० टन फोहोर सफा गर्नका लागि स्थानीय गैरसरकारी संस्थासँग काम गरेको थियो। स्वयमसेवी योगदानको अंगका रूपमा यती एयरलाइन्सले पहिलो कार्बन तटस्थ कम्पनी बन्नका लागि कार्बन उत्सर्जन परीक्षण अभ्यास सुरु गरेको छ। कार्बन उत्सर्जनमा न्यूनीकरण र सन्तुलनमार्फत कार्वन तटस्थ बन्ने एयरलाइन्सको उद्देश्य छ।

युएनडीपीले सञ्चार माध्यम, नागरिक समाज र युवा संगठनहरूसँगको साझेदारीलाई पनि निरन्तरता दिएको छ। सातै वटा प्रदेश राजधानीमा दिगो विकास लक्ष्यको तीन वर्ष उत्सव मनाउन युएनडीपी नेपालले गैरसरकारी संस्थाहरूको छाता संगठन गैरसरकारी संस्था महासंघ पनि साझेदारी गरेको छ। यो उत्सवले सबै सरोकारवालाहरूलाई दिगो विकास लक्ष्यको प्रगतिबारे जानकारी हासिल गर्ने मौका प्रदान गरेको छ। यसैगरी ३० बढी संघसंस्था, देशैभरका २ हजार बढी युवाहरूसँगको साझेदारीमार्फत दिगो विकास लक्ष्य नवीन सोच, जनचेतना र स्वयसेवी परिचालनजस्ता बृहत क्रियाकलाप सञ्चालन भइरहेका छन्। युएनडीपीले आर्थिक पत्रकार समाज नेपाल (सेजन), नेपाल पर्यटन पत्रकार एसोसिएसन, पत्रकार महासंघ गोरखा शाखालगायतका केही सञ्चारमाध्यमहरूसँग दिगो विकास लक्ष्यको रिपोर्टिङमा दखल बढाउनका लागि साझेदारी गरिरहेको छ।

# संख्यामा

## समावेशी आर्थिक वृद्धिको प्रवर्द्धन

भूकम्प प्रभावित जिल्लाहरूमा लघु उद्यमीलाई सीपमूलक तालिम र **१२,८००** **मानिस लाभान्वित** हुने गरी किसानहरू (५५ प्रतिशत महिला) लाई औजार वितरणजस्ता **३० वटा जीविकोपार्जन प्रवर्द्धन** क्रियाकलापको कार्यान्वयन।

नेपालको पुर्वीतराईका **३६,000** **बाढी प्रभावित परिवारलाई** पुनरुत्थानका लागि सहायता प्रदान।

भूकम्प प्रभावित जिल्लाहरूमा **१,३0,000** **मानिस (५६ प्रतिशत महिला) लाभान्वित** हुने गरी सिँचाइ कुलो, सामुदायिक विकास र खानेपानी योजनाजस्ता **८० बढी सामुदायिक पूर्वाधार**।

**गरिबी निवारणका** लागि लघु उद्यमलाई प्रोत्साहन गर्दै **६५** **वटा स्थानीय सरकारलाई** नमुना सरकारका रूपमा स्थापना गर्नका लागि सहायता।

पोखरा विश्वविद्यालयसँगको सहकार्यमा देशमै पहिलो पटक **लघु उद्यम विकास विषयमा स्नातकक तहको पढाइ** सुरु।

## लोकतान्त्रिक शासनको प्रवर्द्धन

**1**

आयमूलक क्रियाकलाप, युवा सहभागिता, स्वयंसेवाको माध्यमबाट **२३,000** मानिस (५० प्रतिशत महिला) लाई संलग्न गराएर सामाजिक एकता र सामुदायिक सुरक्षाको प्रवर्द्धन।

**2**

संघीय, प्रादेशिक र स्थानीय निर्वाचनको समीक्षाका लागि **निर्वाचन आयोगलाई सहायता** जसले कानुनी प्रारूप, मतदाता दर्ता र मतदाता शिक्षासहितका **१८** **फरक क्षेत्रमा महत्वपूर्ण सुझाव** प्रदान गरेको छ।

**3**

सीमान्तकृत समुदायका **५0** भन्दा बढी विद्यार्थी (आधाभन्दा बढी छात्रा) लाई छात्रवृत्ति र प्रशिक्षण गर्ने मौका। यसले कानुनी र न्यायिक संस्थाहरूमा अति जोखिममा परेका समुदायको प्रतिनिधित्व बढाउन मद्दत गरेको छ।

**4**

संसदीय प्रक्रिया र संहिताबारे नवनिर्वाचित **७00** भन्दा बढी संघीय सांसद, प्रदेश सांसद तथा १७० भन्दा बढी कर्मचारीलाई अभिमुखीकरण।

# २०५८ का उपलब्धिहरू

## उत्थानशीलता प्रवर्द्धन

गण्डकी र प्रदेश १ का
**२,३००**
घरपरिवारको दिगो आम्दानी र ऊर्जा पहुँच सुनिश्चित हुने गरी ४ वटा छुट्टाछुट्टै लघु जलविद्युत् आयोजना राष्ट्रिय प्रणालीमा आबद्ध ।

घर नक्सांकन र पुनर्निर्माण अनुदान लिने विषयमा व्यावहारिक ज्ञानसहित गोरखा जिल्लाका
**७,०००**
परिवारलाई उत्थानशील घर निर्माणमा सहायता ।

**२,१००**
पुरुष, महिला र बालबालिका प्रत्यक्ष लाभान्वित हुने गरी जैविक विविधताको संरक्षण, जलवायु परिवर्तनको न्यूनीकरण र जमिन क्षयीकरण न्यूनीकरणजस्ता आयोजनाका लागि १२ साना सहायता प्रत्यक्ष रूपमा स्थानीय समुदायमा हस्तान्तरण ।

**७९०**
घरपरिवार लाभान्वित हुने गरी सिन्धुपाल्चोक र सुर्खेत जिल्लामा बाढी जोखिममा रहेका नदी बेसिनमा दुईवटा स्वचालित पूर्वसचेतना प्रणाली जडान ।

जलवायु प्रतिक्रियाको योजना र अनुगमन सुधारमा सहयोग गर्न कृषि क्षेत्रमा जलवायु उत्थानशील खर्चको तथ्यांक राख्ने नवीन औजारको प्रयोग ।

खण्ड १

# दिगो आर्थिक वृद्धिको प्रवर्द्धन

नेपालमा पछिल्लो २० वर्षमा गरिबी स्थिर रुपमा घटिरहेको छ। सन् १९९५ मा ४२ प्रतिशत मानिसहरू गरिबीको रेखामुनि रहेकामा २०१५ मा यो २१.६ प्रतिशतमा झरेको छ। तथापी बाँकी २१.६ प्रतिशत नेपालीलाई गरिबीको अवस्थाबाट मुक्त गर्न र असमानताको न्यूनीकरण गर्नका लागि अर्को ठूलो चुनौती बाँकी छ। एजेन्डा २०३० र दिगो विकास लक्ष्यको प्रतिबद्धता स्वरूप नेपालले सन् २०३० सम्ममा गरिबीको दर ४.९ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ। एक विश्वसनीय साझेदारका रूपमा युएनडीपीले नेपाललाई बढी आवश्यक रहेको प्राविधिक र आर्थिक पाटोमा सहायता गरिरहेको छ, जसले समान, समावेशी र दिगो विकासको प्रवर्द्धन गर्न सकोस्।



जनकपुरकी चुरा उद्यमी मिना मण्डल आफूले बनाएको चुरा देखाउँदै ।
किरण पाण्डे / युएनडीपी नेपाल ।



## संस्थागत लघु उद्यम विकास

विगतका विकास अनुभवले के देखाउँछ भने लघु उद्यम विकासमा नेपालले गर्ने लगानीले गरिबी न्यूनीकरणका लागि मात्र नभई असमानताको सम्बोधन गर्न पनि मद्दत पुर्‍याइरहेको छ। २० वर्षअघि अस्ट्रेलियाली सरकारको लगानीमा स्थापित लघु उद्यम विकास कार्यक्रम (मेडेप) ले १ लाख ४२ हजार उद्यमी निर्माण गरेको छ। त्यसमा ७० प्रतिशत महिला र अति सीमान्तकृत समुदायका मानिसहरू छन्। तीमध्ये ४० प्रतिशत उद्यमीहरूले आफ्नो उद्यमलाई बृहत् बनाएका छन् र उनीहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा ५ लाख मानिसहरूका लागि रोजगारी सिर्जना गरिरहेका छन्। सबैभन्दा मुख्य कुरा परम्परादेखि संरचनागत रूपमै प्रतिनिधित्वबाट वञ्चित केही उद्यमीहरूलाई आर्थिक सशक्तिकरणले राजनीतिक सशक्तिकरणतर्फ डोर्‍याएको छ। सन् २०१७ मा भएको निर्वाचनमा स्थानीय तहको नीति निर्माणका पदमा निर्वाचित ३ सय ८९ प्रतिनिधिहरू मेडेपका उद्यमी हुन्।

सन् २०१८ को उपलब्धि के हो भने युएनडीपीले यसको कार्यान्वयन र व्यवस्थापनको जिम्मा सरकारलाई सुम्पिएको छ। सरकारी तवरबाट ७५३ वटै स्थानीय तहमा कार्यान्वयन भइरहेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा मेडेपको नमुना अंगीकार गरिएको छ।

*⬆ उदयपुरका सफल च्याउ किसान कृष्ण बाँस्तोला जिल्लामा धेरै युवाका लागि प्रेरणाका स्रोत हुन्।*

*📷 किरण पाण्डे / युएनडीपी नेपाल*

देशभर गरिबी न्यूनीकरणका लागि नेपालले गरेको प्रयासलाई बढावा दिन युएनडीपीले ७४० स्थानीय सरकारका निर्वाचित पदाधिकारी र कर्मचारीलाई लघु उद्यम विकास मोडलबारे सहायता प्रदान गरेको छ। तीमध्ये ६५ वटा स्थानीय सरकार उद्यमशीलता विकास तालिमका लागि पहिलो चरणमा छनोट भएका छन्, जसले उद्यमशीलता विकास समिति र पाँचवर्षे उद्यमशीलता विकास योजना तयार पारेका छन्। सन् २०१८ को डिसेम्बरसम्ममा यीमध्ये कम्तीमा १५ वटा स्थानीय तहले उद्यमशीलता विकास कोषको स्थापना गरेका छन्, जसले र ाज्य र गैरराज्य तहमा रहेका स्रोतहरूलाई एकीकृत गर्नेछन्।

प्राज्ञिक तहमा पनि युएनडीपीले पोखरा विश्वविद्यालय र उद्योग मन्त्रालयसँगको साझेदारीमा नेपालकै पहिलो लघु उद्यशीलता विकास स्नातक उपाधिको सुरुवात गरेको छ। यसले सरकारले सञ्चालन गरेको लघु उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि आगामी वर्षमा दक्ष जनशक्ति उत्पादनमा सहयोग गर्नेछ।

# सामुदायिक संरचनाको बहाली

सन् २०१८ मा पनि युएनडीपीले भूकम्पले क्षति पुऱ्याएको सामुदायिक पूर्वाधार तथा जीविकोपार्जनको पुनरुत्थान र पुनःस्थापनाका लागि नेपाल सरकार र थाइल्यान्ड, कतारजस्ता अन्य विकास साझेदारीलाई निरन्तरता दिएको छ। सन् २०१८ मा युएनडीपीले भूकम्प प्रभावित जिल्लाहरूमा १ लाख ३ हजार मानिस (५६ प्रतिशत महिला) लाभान्वित हुने गरी सिँचाइ कुलो, सामुदायिक विकास र खानेपानी योजनाजस्ता ८० भन्दा बढी सामुदायिक पूर्वाधार निर्माण गरेको छ। सन् २०१५ यता २ लाख ७५ हजार जोखिमयुक्त जनसंख्यामध्ये १८ सय ६२ अपाङ्गता भएका व्यक्ति लाभान्वित हुने गरी ४ सय २५ सामुदायिक पूर्वाधार निर्माण भएका छन्। नयाँ वा परिस्कृत बनाइएको स्वास्थ्य चौकी, खानेपानी प्रणाली, सिँचाइ प्रणाली, पुल र विद्यालय भवनबाट समुदायहरू लाभान्वित भइरहेका छन्।

जीविकोपार्जन तथा आय आर्जनको नयाँ अवसर सिर्जना गर्नका लागि युएनडीपीले स्थानीय सरकारसँग पनि सहकार्य गरेको छ। तरकारीको सुधारिएको बीउ वितरण, पर्यटक पथप्रदर्शक तालिम, स्वास्थ्य स्वयंसेविका तालिमजस्ता लक्षित र हस्तक्षेपकारी सहायता पनि गरिरहेको छ, जसबाट भूकम्प प्रभावित जिल्लाका महिला, दलित र सामाजिक-आर्थिक रूपमा पिछडिएका समुदायका सदस्यहरू गरी १२ हजार प्रत्यक्ष लाभान्वित भएका छन्।



*हेलम्बुमा चर्चित गुम्बामा जाने यो बाटो जस्तै भूकम्पबाट क्षति भएको अन्य पूर्वाधारहरु निर्माणको लागि युएनडीपीले स्थानीय समुदायलाई सहयोग गरेको छ।*

*युएनडीपी नेपाल*

# बाढी प्रभावित समुदायको पुनरुत्थानमा चिनियाँ सहयोग

सन् २०१७ अगष्टमा पानी परिरहेको दिन सप्तरीको साकारपुराकी विमलादेवी खाङ आफ्नो परिवारसहित घरमा बसिरहेकी थिइन् । सुरुमा त चिन्ता गर्नुपर्ने केही थिएन । खरले छाएको सानो घरमा पानी पसेर जब खुट्टा भिज्न थाल्यो तब मात्रै उनी चिन्तित भइन् । गाउँका सबैजना उनीजस्तै चिन्तित थिए ।

'मानिसहरू सहयोग माग्दै चिच्याइरहेका थिए,' उनी भन्छिन्, 'सिमेन्टका घर हुनेहरू त आफ्नो छतमा चढिहाले तर म, मेरो पति र छोराछोरीहरू एउटै खाटमा टाँसिएर बस्यौं । त्यो बेला सबैतिर पानी पसेको थियो ।'

पानी आउने क्रम जारी रह्यो । केही घण्टामा उद्धारकर्मीहरू आइपुगे । सशस्त्र प्रहरीले खाङ, उनका पति र तीन सन्तानलाई डुंगामा चढाएर अग्लो स्थानमा लगे । 'सुरक्षाकर्मीहरू नआएको भए हामी बाँच्ने थिएनौं,' उनी भन्छिन् ।

बाढीले ध्वस्त बनाएको घरमा उनी एक महिनापछि फर्किएकी थिइन् । उनको परिवारले बाढीमा सबै चिज गुमाएको थियो । उनको दुईकोठे घरमा राखिएको केही सामान बचेका थिएन । खानेकुरा, लुगाफाटो र उनले पालेका दुई बाख्रा बाढीमा बगिसकेका थिए । उनको घरका भित्ता र बिग्रिएको अवस्थामा पानीको धारा मात्रै बाँकी थियो ।

सन् २०१८ को जनवरीताका बल्ल उनको मनमा आशाको त्यान्द्रो पलायो । जन गणतन्त्र चीन र युएनडीपीले तराईका बाढी प्रभावित परिवारलाई सहायता प्रदान गर्ने खबर उनले सुनेकी थिइन् । केही समयमै उनको घरमा एक युवा आइपुगे, खाङको परिवारको विवरण लिए, प्रमाणका लागि फोटो खिचे र सुरक्षित राख्नु भन्दै कागजको चिर्कटो हातमा थमाए । उनलाई सामान्य जीवनमा फर्किन सघाउन यसो गरिएको थियो ।

*वितरण केन्द्रमा यी सामग्रीसबहितको राहत बुझ्नेलगत्तै खाङको मुहार खुसीले चम्कियो ।*



लगत्तै कागजको सोही चिर्कटो बुझाएर खाङले राहत सामग्री पाइन् । चिनियाँ सहयोगमा वितरण गरिएको राहतको पोकोमा खानेकुराबाहेकका सामग्रीहरू जस्तै झुल, ओढ्ने, पछ्यौरा, भाँडाकुँडा, पानी छान्ने, धुँवारहित चुलो, सरसफाइका सामग्री थिए । वितरण केन्द्रमा यी सामग्रीसहितको राहत बुझ्नेलगत्तै खाङको मुहार खुसीले चम्कियो ।

महिनौंपछि उनी र उनको परिवारले आशावादी हुने मौका पाएको यही अवसर थियो । २०१७ को बाढीपछि उनीहरूले कठिन ठण्डीको सामना गरे । उनीहरूले गुमाएको सम्पत्तिको कारण मात्रै होइन, विपद्ले दिएको मानसिक चोटले पनि उनीहरूको समय कठिन बनाएको थियो । 'हामीसँग दैनिकी गुजार्न केही बाँकी थिएन,' उनी भन्छिन्, 'कसरी दैनिकी चलाउने भनेर मलाई निकै चिन्ता थियो ।'

उनका अनुसार बाढीपछिको पुनरुत्थान सहायताका रूपमा पाएको राहत सामग्रीले उनको घाउमा मल्हम लगाएको छ । 'यी सामानहरू हामी दैनिक प्रयोग गर्न सक्छौं । पहिला चिन्ता मात्रै थियो अहिले सामान्य जस्तो भएको छ,' खाङ भन्छिन्, 'यो सामान मात्र नभएर पुरानै अवस्थामा जीवन फर्काउने अनुभूति पनि हो ।' सन् २०१७ को अन्त्य र २०१८ को सुरुवाती समयमा कार्यान्वयन गरिएको ४० लाख डलरको यो कार्यक्रमले तराईका खाङजस्तै ३६ हजार बाढी प्रभावित मानिस लाभान्वित भएका छन् ।

# चिनियाँ राजदूतको सन्देश



"यो क्षेत्रको साझा भविष्य तयार पार्न नेपालजस्ता छिमेकी मुलुकसँग आपसी सम्बन्ध सुदृढीकरण गर्दै आपसी विश्वास र साझा विकासको वातावरण निर्माण गर्न चीन प्रतिबद्ध छ। सन् २०१७ अगस्टमा चीन सरकारले बाढी विपद् राहतका लागि नेपाल सरकारलाई १० लाख अमेरिकी डलर अनुदान सहायता प्रदान गरेको थियो। सन् २०१७ मा हामीले तराईका बाढी प्रभावित मानिसको पुनरुत्थानमा सहयोग गर्न थप ४० लाख डलर उपलब्ध गरायौं। यो राहत सामग्री पुऱ्याउन युएनडीपी नेपालसँग साझेदारी गर्न पाउँदा हामी निकै खुसी छौं। यी राहतमा बाढीपछिको अवस्थामा उपयोगी हुने सामग्रीहरू छन्। चिनियाँ दक्षिण-दक्षिण साझेदारी सहायता कोषको प्रारूपअन्तर्गत यो सहायता प्रदान गरिएको हो, जुन प्रदेश १ र २ का सुनसरी, सप्तरी, सर्लाही, धनुषा, महोत्तरी, रौतहट र पर्सा जिल्लाका ३६ हजार परिवारमा पुगेको छ। एक छिमेकीको नाताले आवश्यक पर्दा सहयोग गर्न हामी सधैं तत्पर छौं।"

**होउ याङ्सी**
नेपालका लागि चिनियाँ राजदूत





↑ स्मृती बज्राचार्य / युएनडीपी नेपाल

## कृषकको आम्दानी सुधार

नेपाली अर्थतन्त्रको मुख्य खम्बामध्ये सहकारी पनि एक हो र यसमा दिगो विकास लक्ष्य हासिलको गति बढाउने क्षमता छ। अहिले ३४ हजारभन्दा बढी सहकारीहरूले ६० लाखभन्दा बढी सदस्यहरूलाई समेटेका छन् भने ६० हजार लाई प्रत्यक्ष रोजगारी दिएका छन्। तरकारी र फलफूत खेती सबैभन्दा लोकप्रिय सहकारीमा पर्छन्। उनीहरूको वृद्धि भने कमजोर पूर्वाधार, बजारसम्मको अपर्याप्त पहुँच र नियमन तथा संस्थागत स्थिरताका कारण रोकिएको छ।

नेपाल सरकारको लगानी, युएनडीपी र भूमि व्यवस्थापन मन्त्रालय, सहकारी र गरिबी निवारण कोषले संयुक्त रूपमा सहकारी बजार विकास कार्यक्रम सुरुवात गरेका छन्, जसको उद्देश्य काठमाडौं उपत्यका वरपर रहेका ६ जिल्लाका १८ वटा नगरपालिकाका सहकारीमा आबद्ध १४ हजार साना किसानको आम्दानी वृद्धि गर्नु हो। यो कार्यक्रमले पूर्वाधार विकास, खेतीमा प्राविधिक तालिम तथा सहायता, बजारीकरण र संस्थागत क्षमता अभिवृद्धिको माध्यमबाट फलफूल तथा तरकारी आपूर्तिको गुणस्तर, परिमाण तथा नियमिततामा सुधार गर्ने लक्ष्य राखेको छ। सरकारले विनियोजित बजेटको करिब ७० प्रतिशत रकम योगदान गर्छ।

सहकारी बजार विकास कार्यक्रमले सहकारीमा आवद्ध

**१४,०००**

साना किसानको आम्दानी सुधार्ने उद्देश्य राखेको छ।

कृषकहरूसँग आबद्ध हुने योजनाअनुरुप युएनडीपीले पहिलो चरणमा ७० वटा प्राथमिक सहकारीसँग साझेदारीमार्फत ५ सयभन्दा बढी कृषक र सहकारी सदस्यहरूलाई सहकारी व्यवस्थापन र व्यवसाय योजना विकाससम्बन्धी तालिम दिएको छ। यी समूहहरूलाई उनीहरूको उत्पादनको आपूर्ति र व्यवस्थापन सहज बनाउन आयोजनाले ७० वटा रणनीतिक स्थानमा संकलन केन्द्र निर्माण गरिरहेको छ।

नीतिगत तहतर्फ आयोजनाले नेपालको संक्रमणकालीन संघीयतामा मिल्ने गरी सबै तहका सरकारले दिगो विकास लक्ष्य हासिलका लागि सहकारीलाई औजारका रूपमा प्रयोग गर्न मिल्ने गरी सहज नीतिगत वातावरण निर्माणका लागि सहयोग गरिरहेको छ। संघीय, प्रदेश र स्थानीय तहमा दिगो विकास लक्ष्यमा सहकारीको भूमिका विषयक

छलफल सञ्चालनका लागि आयोजनाले सहकारी संघसँग साझेदारी गरेको छ जसमा १५ सयभन्दा बढी मानिसहरू सहभागी भए।

कोरिया इन्टरनेसनल कर्पोरेसन एजेन्सी (कोइका) सँगको साझेदारीमा युएनडीपीले उपयुक्त बजार अवसर तथा बालीपछिको प्रविधिमार्फत कृषकको आय सुधारका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग पनि नजिक रहेर काम गरिरहेको छ। कृषकको कम आम्दानीका कारण बजारसम्बन्धी जानकारीको पहुँचमा कमी आउने र बाली थन्क्याएपछिको क्षति बढी हुने अध्ययनले देखाएको छ। बाली थन्क्याएपछि हुने क्षति फलफूल र तरकारीमा १२ देखि १४ प्रतिशत हुने अनुमान गरिएको छ।

कोइकाको सहयोगमा युएनडीपीको फलफूल तथा तकारीको लाभ शृंखला (भ्यालु चेन) विकास कार्यक्रमले बजारीकरणका लागि सम्भावनायुक्त १० प्रकारका तरकारी, ५ प्रकारका फलफूल र तिनको पकेट क्षेत्र पहिचान गरेको छ।

मन्त्रालयलाई सहायता व्यवस्थापन जानकारी प्रणालीको परिस्कृत र परिमार्जन गर्न युएनडीपीले सहयोग गरेको छ। यसअघि, सरकारले वैदेशिक सहायताको जानकारी व्यवस्थापनको लागि बाहिरी कम्पनीसँग निर्भर रहनुपर्थ्यो।


यसले करिब १० हजार किसानलाई समेट्छ। यीमध्ये कम्तीमा पनि १२ उत्पादनले बाली पछिको प्रविधिको लाभ पाएका छैनन्। यो कार्यक्रमले पकेट क्षेत्रमा किसानलाई उत्पादन सुधार, बालीपछिको प्रभावकारी प्रविधिको विकास र प्राप्ति तथा बजार पहुँचका लागि सहायता गरिरहेको छ।

## सहायता प्रभावकारितामा सुधार


सहायताको प्रभावकारितामा दीर्घकालीन सुधार नेपाल सरकार र युएनडीपीको प्राथमिकतामा छ। जर्मनी सरकारको लगानीमा सञ्चालित प्रभावकारी विकास लगानी समन्वय कार्यक्रमअन्तर्गत युएनडीपीले निरन्तर रूपमा अर्थ मन्त्रालयलाई विदेशी सहायता परिचालन र व्यवस्थापन सुधारका लागि सहयोग उपलब्ध गराइरहेको छ।

नेपालमा अन्तर्राष्ट्रिय विकास निगमले सार्वजनिक लगानीको अर्थपूर्ण हिस्साको प्रतिनिधित्व गर्छ। आर्थिक वर्ष २०१७/१८ को कुल बजेटको २२ प्रतिशत हिस्साको प्रतिनिधित्व गर्छन्, साथै दिगो विकास लक्ष्यका लागि आवश्यक लगानीका लागि महत्वपूर्ण योगदान पनि गरिरहेका


नेपालले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिबद्धता जनाएको छ। यी लक्ष्य हासिल गर्न नेपाललाई प्रशस्त लगानीको आवश्यकता पर्छ। नयाँ अध्ययनले नेपालमा लगानीको अवस्थाबारे देखाएको छ :




कर राजस्व र निजी क्षेत्रको लगानीजस्ता स्रोत बढाउन नेपाल सरकार सफल भएको छ, जसलाई दिगो विकास लक्ष्य हासिलका लागि परिचालन गर्न सकिन्छ।




कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा कर राजस्व




कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा आन्तरिक निजी क्षेत्रको लगानी

अन्य अति कम विकसित देशको तुलनामा नेपालसँग अहिलेसम्म पहुँच नपुगेको लगानी अवसर पनि छ।





अति कम विकसित देशको औसतको तुलनामा प्रत्यक्ष वैदेशिक लगानी २० गुणा कम थियो।




अति कम विकसित देशको औसतको तुलनामा आधिकारिक विकास सहायता ५० प्रतिशत कम थियो।

कम पुँजीगत खर्चका कारण नेपाललाई अतिरिक्त बाह्य लगानी परिचालनको अवसर सीमित छ।

पछिल्ला ८ वर्षमा औसतमा ८० प्रतिशतभन्दा कम पुँजीगत खर्च भएको छ।



छन् । प्रभावकारी नीति, संस्थागत र समन्वय संयन्त्र र पारदर्शिता प्रवर्द्धन गर्ने तथ्यांक व्यवस्थापन प्रणाली यस्ता स्रोतहरूलाई तल्लो तहका विकास नतिजामा ढाल्नका लागि अत्यावश्यक हुन्छन् ।

अर्थ मन्त्रालयको नेतृत्वमा नेपालले सहायताको प्रभावकारितामा अर्थपूर्ण उपलब्धि हासिल गरेको छ । संघीयतामा जाने संक्रमणको बेला सहायता व्यवस्थापनको पुरानो शैली भने सन् २०१५ मा बनेको संविधान अनुरुप परिमार्जन गर्नुपर्ने आवश्यकता छ, सन् २०१८ मा प्रभावकारी विकास लगानी समन्वय कार्यक्रमको मुख्य ध्येय यही रह्यो ।

युएनडीपीको सहायतामा सन् २०१७ मा प्रकाशित संघीय नेपालमा वैदेशिक सहायता परिचालन अध्ययनले संघीयताको सन्दर्भमा सहायता परिचालनको नयाँ प्रारूप सार्वजनिक गरेको छ । सन् २०१८ मा उक्त अध्ययनको फलोअपस्वरूप प्रभावकारी विकास लगानी समन्वय कार्यक्रमले नयाँ कामले पूर्णतः नयाँ संघीय सन्दर्भको प्रणाली र संरचना अंगीकार गर्नुपर्ने व्यवस्था गले नयाँ कामले पूर्णतः नयाँ संघीय सन्दर्भको प्रणाली र संरचना अंगीकार गर्नुपर्ने ढाँचाको व्यवस्था गऱ्यो । २०१४ को विकास समन्वय नीति समीक्षाको प्रक्रिया, प्रदेश र स्थानीय तहमा विकास समन्वय लैजाने प्रक्रियाको निर्देशिकाको मस्यौदा तयारीमा सहायता यसले समेटेको छ ।

सहायता लिन सक्नु र यससम्बन्धी पारदर्शी तथ्यांकको सुनिश्चितता गर्नु सुदृढ सहायता व्यवस्थापन प्रणालीको अर्को खम्बा हो । २०१८ मा युएनडीपीले नयाँ सहायता व्यवस्थापन प्रणालीको रि-डिजाइन र परिस्कृत गर्ने अर्थ मन्त्रालयको प्रयासलाई सघाएको छ । यसअघि वैदेशिक सहायतासम्बन्धी तथ्यांक भण्डारण व्यवस्थापनका लागि सरकार बाहिरी कम्पनीसँग निर्भर थियो । नयाँ प्रणालीमा दिगो विकास लक्ष्य वर्गीकरणजस्ता विशेषताहरू समेटिएका छन्, जसबाट नेपालमा आउने वैदेशिक सहायतालाई दिगो विकास लक्ष्यसँग जोडेर पछ्याउन र तथ्यांकको विश्लेषण गर्न सकिन्छ । यसबाट दिगो विकास लक्ष्यको बृहत् अनुगमन र जानकारी संकलनका लागि नेपालले गरेको प्रयासमा मद्दत पुग्छ ।

*अदक्ष कामदारलाई दक्ष बनाउँदा रेमिट्यान्सको मात्रा मात्रै बढ्दैन देशभित्र अभाव रहेको दक्ष कामदारको अभाव पनि पूर्ति हुन्छ ।*

२०१९ को सुरुवातमा औपचारिक रूपमा सञ्चालनमा आउने यो प्रणालीले अन्तर्राष्ट्रिय सहायता पारदर्शिता अभियानबाट तथ्यांक लिएर परीक्षण गरिरहेको छ । यसले सरकारको वार्षिक र मध्यकालीन योजना र बजेट प्रक्रियाबारे जानकारी दिनेछ ।

यो प्रणालीमा रहेको तथ्यांकले विकास समन्वय प्रतिवेदनका लागि तथ्यहरू पनि उपलब्ध गराउँछ । यो प्रतिवेदन वार्षिक रूपमा प्रकाशित गर्न युएनडीपीले अर्थ मन्त्रालयलाई सहयोग गरिरहेको छ । आर्थिक वर्ष २०१७/१८ लाई समेटेर आठौं प्रतिवेदन २०१८ मा प्रकाशित भएको छ । यो प्रतिवेदन सहायता प्रभावकारिताको विषयमा चर्चाको सन्दर्भ विन्दु भएको छ र विकास साझेदारहरूबीच वार्षिक खर्चको आकार, खर्चअनुसारको बजेट प्रतिशत र देशको विकास प्राथमिकताको पंक्तिको आधारमा उत्कृष्ट स्थानमा पर्नका लागि स्वस्थ प्रतिस्पर्धा हुने भएकाले उनीहरूबीच पारदर्शिता तथा उत्तरदायित्व बढाउन सहयोगी भएको छ ।

## प्राविधिक शिक्षा प्रणाली सुधारमा सहयोग

नेपाल यो क्षेत्रको श्रमिक निर्यात गर्ने देशको सूचीमा निरन्तर अग्रपंक्तिमा छ, जसका कारण विश्व सूचीमा नेपाल रेमिट्यान्समा आश्रित देशको पनि अग्रपंक्तिमा पर्छ । तर, कामको खोजीमा विदेश जाने करिब १ प्रतिशत कामदार मात्रै दक्ष छन् । अदक्ष कामदारलाई दक्ष बनाउँदा रेमिट्यान्सको मात्रा मात्रै बढ्दैन देशभित्र अभाव रहेको दक्ष कामदारको अभाव पनि पूर्ति हुन्छ ।

युएनडीपीले नेपाललाई आफ्नो प्राविधिक तथा व्यावसायिक शिक्षा प्रणाली सुधारका लागि पनि सहयोग गरेको छ, जसका कारण देशमा स्थानीय बजारको आवश्यकताअनुसार दक्ष जनशक्तिको उत्पादन हुनुको साथै रोजगारीको सिर्जना पनि हुन्छ ।

सन् २०१८ मा युएनडीपीले सहायता गरेको ज्ञान तथा जीवनभरको सीप कार्यक्रमले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई प्रयोगमा रहेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीति र संस्थापन व्यवस्थापनको समीक्षा र नयाँ स्वरूपमा ढाल्न मद्दत गरेको थियो। मन्त्रालयले अहिले बृहत् सुधार योजना अंगीकार गरेको छ, जुन श्रम ऐन, औद्योगिक व्यवसाय ऐन, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम ऐन र युवा ऐनमा पनि समाहित हुने अपेक्षा छ। सुधार प्रक्रियाको क्रममा युएनडीपीले सरकारी उच्चस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यदललाई राष्ट्रिय तह र ७ मध्ये ५ प्रदेशमा औपचारिक रूपमा परामर्श गर्ने विषयमा सहजीकरण गरेको थियो।

युएनडीपीको सहायतामा मन्त्रालयले राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम व्यवस्थापन जानकारी प्रणाली स्थापना र सञ्चालन गरेको छ, जसले अहिलेको दक्षता, वर्तमान बजार आवश्यकता र भिन्नताको फरक परक तथ्यांकहरू देखाउँछ। यो प्रणालीमा अहिले नै भर्खरै तालिम लिएका २ लाख ८० हजारभन्दा बढी व्यक्तिहरूको तथ्यांक राखिएको छ। यो प्रणालीले बलियो श्रम बजारका लागि वैज्ञानिक र तथ्यमा आधारित हस्तक्षेप गर्ने अनुमान छ।

प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका उपक्षेत्रहरूमा सीप व्यवस्थापन र सीप सञ्जाल प्रणाली संस्थागत गर्न युएनडीपीले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) सँग नजिक रहेर काम गरेको छ।

प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमसम्बन्धी सीप नक्सांकन विकास गर्नमा केन्द्रित रहेर युएनडीपीले प्रदेश ५ मा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको माग र आपूर्तिसम्बन्धी अवस्थाको चित्रण गर्न अध्ययन सञ्चालन गरेको छ।

प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम अवसरको उपलब्धताको गुणस्तर र सान्दर्भिकता सुधार तथा प्रदेशको तीव्रतर आर्थिक र सामाजिक वृद्धिमा योगदान दिने स्थानीय उद्योगहरूको वर्तमान र भविष्यका आवश्यकता पहिचानका लागि अध्ययन थालिएको हो। प्रदेश ५ स्थित बुटवल महानगरपालिकाले यही अध्ययन प्रतिवेदनको आधारमा आफ्नो प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम रणनीति निर्माण गर्दै छ।

प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका उपक्षेत्रहरूमा लैंगिक समानता र सामाजिक समावेशिताका तत्वहरू पर्याप्त रूपमा पहिचान र सम्बोधन गरिएका छन् भन्ने सुनिश्चितताका लागि युएनडीपीले लैंगिक समानता र सामाजिक समावेशितासम्बन्धी राष्ट्रव्यापी र प्रदेशस्तरीय कार्यक्रमहरू आयोजना गरको छ र सरोकारवालालाई यस विषयमा संवेदनशील बनाएको छ। यो संशोधित प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम नीतिको अन्तरसम्बन्धित विषय हो।



*मेकानिकल इन्जिनियरिङकी विद्यार्थी रुपन्देहीमा व्यावसायिक तालिम लिदै।*
*युएनडीपी नेपाल*

खण्ड २

# लोकतान्त्रिक र कानुनी शासनको प्रवर्द्धन

नेपालले तीनै तहमा नवनिर्वाचित सरकारमार्फत संघीय संविधानको कार्यान्वयन गरिरहँदा युएनडीपीको एउटा मुख्य प्राथमिकता कानुनी शासन, सामाजिक न्याय र मानव अधिकारका लागि लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरण थियो, जसका कारण जोखिमयुक्त समुदायका मानिसहरूले शान्ति, विकास र समावेशी वृद्धिको पूर्ण लाभ प्राप्त गर्न सक्छन् । सन् २०१८ मा युएनडीपीले संघीयताको प्रक्रियामा सहयोग गर्न सरकार र नागरिक समाजसँगको सहभागिताका लागि नागरिक भूमिका तथा आवाज बढाउने, निर्वाचित संस्थाहरूको सुदृढीकरण र सेवा प्रवाहमा सुधार र विशेषगरी जोखिमयुक्त समुदायका लागि कानुनी शासनको कामलाई निरन्तरता दियो ।



वीरगन्जमा सामाजिक सुरक्षा भत्ता लिँदै ज्येष्ठ नागरिक । युएनडीपीले परिचालन गरेको स्वयंसेवीहरूले सेवा प्रवाहमा सहयोग गरिरहेका छन् ।

युएनडीपी नेपाल


## निर्वाचन प्रक्रियामा सहयोग


सन् २०१८ नेपालका लागि संघीयता कार्यान्वयनको वर्ष थियो। शान्तिपूर्ण र विश्वसनीय प्रक्रियाबाट तीनै तहका सरकार निर्वाचित भएका छन्। भविष्यका लागि सिकाइ हुने गरी निर्वाचन प्रक्रियाको समीक्षा गर्न निर्वाचन आयोग नेपालका लागि यो उपयुक्त समय हो। युएनडीपीले युरोपियन युनियनको साझेदारीमा विभिन्न अभियानमार्फत निर्वाचन आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्ने सहयोगलाई निरन्तरता दिएको छ।

युएनडीपीले निर्वाचन आयोगलाई निर्वाचनको पूरा प्रक्रियाको समीक्षा गर्न सघाएको छ। संघीयतापछिको पहिलो निर्वाचनको परावर्तन गर्न र भविष्यका लागि सिकाइका रूपमा उपयोग गर्न समीक्षाले महत्वपूर्ण अवसर प्रदान गरेको छ। निर्वाचन आयोगका कर्मचारी, राजनीतिक दलका नेता, पर्यवेक्षक र सञ्चारकर्मीहरूसहित ३ सय भन्दा बढीको सहभागितामा ७ वटै प्रदेशमा गरिएको समीक्षाले १८ वटा क्षेत्रमा १ सयभन्दा बढी सुझावहरू संकलन गरेको छ। यसले कानुनी प्रारूप, मतदाता दर्ता, मतदाता शिक्षा, मतदान र गणना, विवाद समाधान र प्रविधिको प्रयोगलगायतका विषयमा सुझाव संकलन गरेको छ। यो प्रतिवेदनले निर्वाचन आयोगको पञ्चवर्षीय रणनीतिक योजना (२०१९-२०२४) का लागि आधार तयार गर्नेछ।

*संघीयतापछिको पहिलो निर्वाचनको परावर्तन गर्न र भविष्यका लागि सिकाइका रूपमा उपयोग गर्न समीक्षाले महत्वपूर्ण अवसर प्रदान गरेको छ।*

लैंगिक समानता र सामाजिक समावेशिताको दृष्टिकोणबाट निर्वाचन प्रक्रियाको छुट्टै समीक्षा गर्न पनि निर्वाचन आयोगलाई युएनडीपीले सहयोग पुऱ्याएको छ। यो अध्ययनले महिला र ऐतिहासिक रूपमै सीमान्तकृत समूहको प्रतिनिधित्वका लागि विशेषखालको कानुनी प्रावधानको महत्वबारे निश्चित गर्नेछ भने निर्वाचन आयोगको लैंगिक समानता र सामाजिक समावेशिता रणनीति र कार्य योजनालाई पनि तथ्यांक उपलब्ध गराउनेछ। युएनडीपीसहित अन्य साझेदारहरूको सहयोगमा निर्वाचन आयोगले नेपालमा सन् २००८ देखि २०१६ सम्म सञ्चालन गरेको क्षमता अभिवृद्धि पनि युएनडीपीले ब्रिज (बीआरआईडीजीई) कार्यप्रणाली (मेथोडोलोजी) प्रयोग गरी प्रभाव मूल्यांकन गरेको छ। ब्रिजको अर्थ लोकतन्त्र, शासन र निर्वाचनमा स्रोत निर्माण हो। यो विशेषगत निर्वाचन प्रक्रियामा केन्द्रित व्यावसायिक विकास कार्यक्रमको मोडल हो। प्रभाव मूल्यांकन अध्ययनले ब्रिड मोडल नेपालमा प्रभावकारी भएको र २०१७ को निर्वाचनका लागि निर्वाचन आयोगको क्षमता अभिवृद्धिका लागि पनि यसको भूमिका महत्वपूर्ण भएको निष्कर्ष निकालेको छ। निर्वाचन आयोगले भविष्यमा बाह्य सहयोगबिना पनि क्षमता अभिवृद्धि गर्न सक्ने सुझाव पनि अध्ययनले दिएको छ। युएनडीपीले २०१८ मा छवटा अतिरिक्त ब्रिज कार्यक्रम आयोजना गरी प्राप्त सुझावहरूको कार्यान्वयन पनि सुरु गरेको छ।



## न्यायमा पहुँच प्रवर्द्धन

न्यायमा पहुँच प्रवर्द्धनका लागि २०१८ मा धेरैवटा कोसेढुंगा पूरा भएको छ। फौजदारी र देवानी संहिता कार्यान्वयनमा आएको छ र संसद्ले मौलिक अधिकारसम्बन्धी विभिन्न १६ वटा कानुन जारी गरेको छ। नर्वेको आर्थिक सहयोगमा युएनडीपीले न्यायमा पहुँच परियोजनामार्फत कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई कानुनी सुधार र कानुनको प्रभावकारी कार्यान्वयनका लागि प्राविधिक सहायतालाई निरन्तरता दिएको छ।

मौलिक अधिकारसम्बन्धी कानुनको मस्यौदा गर्ने क्रममा केही सीमान्तकृत समुदायलाई सहभागिताका लागि स्थान दिइएको थियो। मानव अधिकारको दृष्टिकोणबाट कम्तीमा पनि ६ वटा कानुनको समीक्षा गरिएको छ र कानुन जारी हुनुअघि संसद्लाई महत्वपूर्ण सुझावहरू दिइएको छ। सुझावका आधारमा विधेयकको मस्यौदामा विभिन्न संशोधनहरू गरिएको थियो।



*नेपाल ल क्याम्पसमा सिकाई सत्रमा अन्तर्क्रिया गर्दै कानुन विषयमा छात्रवृत्तिमा अध्ययरत विद्यार्थीहरु।*
*सरस्वती योञ्जन, युएनडीपी नेपाल*

भर्खरै जारी भएका कानुनहरू सामान्य जनता र कार्यान्वयन गर्ने निकायमाझ परिचित गराउनु झन् चुनौतीपूर्ण छ। जारी भएको फौजदारी र देवानी कानुनको कार्यान्वयनका लागि युएनडीपीले प्रमुख सरोकारवालाहरूलाई लागत कार्ययोजनाका लागि सहायता प्रदान गरेको छ। कानुन किताब व्यवस्थापन समितिसँगको सहकार्यमा न्यायमा पहुँच परियोजनाले भर्खरै जारी भएको फौजदारी र देवानी संहिताको सरलीकृत संस्करण तयार पारी प्रमुख सरोकारवाला र सर्वसाधारणलाई नयाँ कानुनको विषयमा जानकारी दिने उद्देश्यले व्यापक रूपमा वितरण गरेको छ। संहिता कार्यान्वयनका लागि निर्देशिका, नीति र प्रणालीको मस्यौदा तयार पार्न युएनडीपीले महान्यायाधिवक्ताको कार्यालयसँग नजिक रहेर काम गरेको छ। संहिता तयार पार्न आयोजित सरकारी वकिलहरूको राष्ट्रिय सम्मेलनलाई न्यायमा पहुँच परियोजनाले सहजीकरण गरेको थियो।

रेडियो र टेलिभिजन कार्यक्रम शृंखलाजस्ता सार्वजनिक जनचेतना अभियान नयाँ संहिता, न्यायिक समितिको भूमिका र जिम्मवारीबारे जनचेतना जगाउँदै देशभरका एक लाख मानिसमक्ष पुगेको छ।

आवश्यक परेकाहरूलाई निःशुल्क कानुनी सहायता दिनका लागि अधिवक्ताहरूलाई प्रोत्साहित गर्न युएनडीपीले नेपाल बार एसोसिएसनलाई प्रो बोनो (जनहितका लागि निःशुल्क न्यायिक सहायता दिने कार्य) निर्देशिकाको मस्यौदा तयार पार्न सघाएको छ। एसोसिएसनको साधारण सभाले यसलाई पारित गरेको छ।

व्यवसयमा मानव अधिकारीलाई जोड्नका लागि विशेष प्रयास गरिएको छ। व्यावसायिक क्षेत्र मानव अधिकारको बहसबाट लामो समयदेखि टाढा छ। नेपालमा पहिलो पटक न्यायाधीश, कानुन व्यवसायी, सांसद, उद्यमी, प्राज्ञिक व्यक्ति, मानव अधिकार रक्षक, नागरिक समाज र सञ्चारकर्मीलाई एकै ठाउँमा राखेर अन्तरसम्बन्धित छलफलको शृंखला सञ्चालन गरिएको छ। यो अभियानको सुरुवातले नेपाललाई दक्षिण एसियामा व्यवसाय र मानव अधिकारको नक्सामा अटाएको छ र यसले २०१९ मा हुने पहिलो दक्षिण एसियामा व्यवसाय र मानव अधिकार मञ्चमा नेपालको प्रतिनिधित्व सुनिश्चित गरेको छ।



सीमान्तकृत समुदायका युवाहरूलाई छात्रवृत्ति (२० विद्यार्थीमध्ये १२ जना महिला) र व्यावहारिक सिकाइ कार्यक्रम (३१ युवा अधिवक्तामध्ये १६ जना महिला) मार्फत युएनडीपीले सकारात्मक कानुनी शिक्षामा आफ्नो सहायतालाई निरन्तरता दिएको छ। यसले कानुनी व्यवसाय र न्यायिक संस्थाहरूमा सीमान्तकृत समुदायको प्रतिनिधित्व अर्थपूर्ण रूपमा वृद्धि गरेको छ।

परियोजनाले महिला अधिवक्ताहरूसँग पनि नजिक रहेर काम गरेको छ। परियोजनाले महिला अधिवक्ताहरूको राष्ट्रिय सम्मेलन आयोजना गर्न सघाएको थियो, जहाँ देशभरका १ सयभन्दा बढी महिला अधिवक्ताहरूले आफ्नो पेसाको मुद्दा र आफूले भोगेका चुनौतीका विषयमा छलफल गरे। सम्मेलनको प्रभावस्वरूप केही महिला अधिवक्ताहरूले निःशुल्क कानुनी सहायता उपलब्ध गराउनका लागि आफ्नो नाम दर्ता गराएका छन्, जसबाट महिला र सीमान्तकृत समुदायका व्यक्तिहरूले लाभ पाउन सक्छन् र उनीहरूले आफ्नो अधिकार रक्षाका लागि न्यायिक स्रोतमा पहुँच सुनिश्चित गर्न सक्छन्।

*गण्डकी प्रदेशमा आयोजित नेतृत्व तथा सञ्चार तालिममा सहभागी प्रदेश सभा सदस्यहरू।*
*© युएनडीपी नेपाल*

**७००**

भन्दा बढी निर्वाचित संघीय सांसद, प्रदेश सांसद र १७० भन्दा बढी कर्मचारीलाई संसदीय प्रक्रिया र संहिताबारे अभिमुखीकरण गरिएको छ।

## संसदको सुदृढीकरण

नवगठित संघीय र प्रदेश संसद्को क्षमता सुदृढीकरण २०१८ युएनडीपीको प्रमुख प्राथमिकता रह्यो। नर्वे सरकारको आर्थिक सहयोगमा सञ्चालित संसद् सहायता परियोजनामार्फत युएनडीपीले संघीय संसद् सचिवालयलाई संक्रमणकालीन योजना बनाउन सहयोग गरेको छ। यसमा प्रदेश संसद् सञ्चालनका लागि आवश्यक पर्ने मानव संसाधन, पूर्वाधार र आर्थिक आवश्यकताको अनुमान पनि समावेश छ। विश्वव्यापी अभ्यासका आधारमा प्रदेश संसद्को नियम र प्रक्रिया तयार गरी जारी गर्न पनि युएनडीपीले सहयोग गरेको छ।

नवनिर्वाचित सदस्य र कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि शृंखलाबद्ध अभिमुखीकरण कार्यक्रम तयारी र कार्यान्वयनका लागि युएनडीपीले संघ र प्रदेश संसद्सँग नजिक रहेर काम गरेको छ। ७ सयभन्दा बढी निर्वाचित संघीय सांसद, प्रदेश सांसद र १ सय ७० भन्दा बढी कर्मचारीलाई संसदीय प्रक्रिया र संहिताबारे अभिमुखीकरण गरिएको छ।

संसदीय प्रक्रियामा सांसदहरूको बुझाइ व्यापक बनाउन संसदीय मामिला, नैतिकता, कानुन निर्माण, दिगो विकास लक्ष्य र जानकारी समेटिएका बृहत् ज्ञान सामग्री र विश्वभरका सन्दर्भ सामग्री प्रकाशन गरी वितरण गरिएको छ। संविधानसँग नबाझिने गरी सहकारी संघीयता कार्यान्वयनका लागि यी प्रयासले सहयोग गरेका छन्। उदाहरणका लागि सात वटै प्रदेशले सभामुखहरूको बैठक राखेर अन्तर प्रदेश सभाको समन्वय गरेका छन्।

युएनडीपीले मौलिक अधिकार, सामाजिक सुरक्षा, बाल अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसँग सम्बन्धित विभिन्न कानुनका विधेयक सार्वजनिक सुनुवाइ र प्राविधिक समीक्षाका लागि संसद्लाई सहयोग गरेको छ जसमा संघीय सांसद, प्रदेश सांसद, विषय विज्ञ र सर्वसाधारण गरी ३ सयभन्दा बढीको सहभागिता रह्यो।

कानुन निर्माता र सामाजिक रूपमा वञ्चित समुदायबीच सघन छलफलका लागि परियोजनाले समुदाय लक्षित प्रयास गरेको छ। यसमा लैंगिक आधारमा हुने हिंसाविरुद्धको अभियान, मानव अधिकारको प्रवर्द्धनमा कानुन निर्माताको भूमिका पनि समेटिएको छ, जसमा सातै प्रदेश सभा सदस्य र नागरिक समाजका सरोकारवालाहरूसहित ८ सयभन्दा बढीले सहभागिता जनाए।

संसदीय अभ्यास बलियो बनाउन सञ्चारमाध्यमको भूमिका पनि महत्वपूर्ण हुन्छ। युएनडीपीले दुई सयभन्दा बढी सञ्चार कर्मीहरूको संसदीय रिपोर्टिङमा क्षमता अभिवृद्धिका लागि सञ्चारकर्मीहरूका संगठनसँग मिलेर काम गरेको छ। क्षमता अभिवृद्धिका कारण उनीहरूले संसद्को प्रभावकारी रिपोर्टिङ गर्न सक्छन् भने सर्वसाधारण र आवाजविहीनहरूको अवाज पनि बाहिर ल्याउन सक्छन्।

संसद्अन्तर्गतको संसद् व्यवस्थापन समितिलाई पनि कानुन सुपरीवेक्षण प्रक्रिया संस्थागत गर्न युएनडीपीले सहयोग गरेको छ। कानुनको संसद् पूर्व र पछिको सुपरीवेक्षण गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु यसको उद्देश्य हो। युएनडीपीले समितिलाई विश्वभर रहेको कानुन सुपरीवेक्षण अभ्यासको अध्ययनका लागि सहयोग गरेको छ। अध्ययनले कानुन सुपरीवेक्षणको क्षेत्र, प्राथमिकता, सीमितता, शैली, औजारसहित प्रस्ट निर्देशिकासहितको कार्यविधिको सुझाव तयार पार्नेछ। समितिले ३ सय ३९ वटा कानुनहरू अध्ययन गरी १६ वटा प्रमुख क्षेत्रमा विभाजन गरेको छ। यो सुपरीवेक्षण डाटाबेसले नयाँ कानुनी सुधार प्रक्रियाका लागि बलियो जग तयार पार्ने विश्वास छ।

"अनुसन्धान, क्षेत्रगत परामर्श र विज्ञको सहभागितामा यो प्रयासले न्याय क्षेत्रलाई आकार, स्पष्टता, अन्तर्क्रिया, वर्णन र उपयोगिताको आधारमा बढी प्रभावकारी बनाउनेछ,' समितिका अध्यक्ष पुरुषोत्तम मेघी गुरुङ भन्छन्।




*महिला हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा सञ्चालित ' मलाई सुन' अभियानमा सहभागी सुदूरपश्चिम प्रदेश सभाका सांसद।*
*युएनडीपी नेपाल*

## मानव अधिकार र न्यायको प्रवर्द्धन

नयाँ संघीय प्रणालीमा संविधानले स्थानीय सरकारलाई थुप्रै जिम्मेवारीहरू दिएको छ। यीमध्ये उपाध्यक्ष वा उपमेयरको संयोजकत्वमा रहेको न्यायिक समितिले स्थानीय विवाद समाधान गर्ने जिम्मेवारी पनि एक हो। यी समितिहरूले द्रुत र मैत्रीपूर्ण समाधान गर्ने अनुमान भइरहँदा यी समितिहरूलाई आफ्नो जिम्मेवारी पूरा गर्नका लागि पर्याप्त स्रोत, औजार, सीप र ज्ञान उपलब्ध गराउनु अर्को चुनौती हो। यो सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगअन्तर्गतको रणनीतिक योजना सहायता परियोजनाले न्यायिक समिति सदस्यहरूका लागि विवाद समाधानको विषयमा शृंखलाबद्ध तालिम आयोजना गऱ्यो। यसका साथै मानव अधिकारसहित सम्बन्धित सन्दर्भ सामग्रीसहित निर्देशिका विकास गरी धनकुटा, तेह्रथुम, डडेल्धुरा र डोटीका ७६ जना न्यायिक समिति सदस्यहरूलाई वितरण गरिएको छ। समिति सदस्यहरूलाई प्रस्ट मार्गनिर्देश गर्न तालिम निकै प्रभावकारी देखिएको छ।

"अभिमुखीकरणले मलाई निष्पक्ष सुनुवाइको अधिकार, मध्यस्थताको प्रक्रिया र न्याय प्रशासन बुझ्न सघाएको छ," धनकुटाको चौबिसे गाउँपालिकाकी न्यायिक समितिकी अध्यक्ष यज्ञकुमारी रुचाल तालिमपछिको अनुभव सुनाउँदै भन्छिन्, "महिला, बालबालिका र ज्येष्ठ नागरिकसम्बन्धी मुद्दालाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न तालिमले मेरो क्षमता बढाएको छ।"

*आयोगका ४० अधिकृतहरूलाई फौजदारी र देवानी संहिता, मानव अधिकार अनुगमन र अनुसन्धानमा अभिमुखीकरण।*



*अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिमा नेपालको कर्तव्य विषयक तालिममा सहभागी राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारी।*
*युएनडीपी नेपाल*

मानव अधिकार आयोगका ४० अधिकृतहरूलाई फौजदारी र देवानी संहिता, मानव अधिकार अनुगमन र अनुसन्धानमा अभिमुखीकरण गर्न पनि युएनडीपीले सघाएको छ। यो परियोजनाले आयोगलाई मानसिक समस्या भएका व्यक्तिहरूको मानव अधिकारको अवस्थाको विषयमा आधार अध्ययनका लागि पनि सघाएको छ, जसले नेपालमा मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि मापदण्ड तयार गर्छ।

मानव अधिकार आयोगको भूमिका र नेतृत्व क्षेत्रीय तहमा पनि सुदृढीकरण गर्ने प्रयासस्वरूप परियोजनाले आयोगसँग 'चुनौती पहिचान, प्रगतिको मूल्यांकन, अघि बढ्दै : दक्षिण एसियामा दण्डहीनताको सम्बोधन र मानव अधिकारको महसुस' विषयक अन्तर्राष्ट्रिय सम्मेलन आयोजनाका लागि पनि सहकार्य गरेको छ। सम्मेलनले २२ देशका अधिकार अधिवक्ता र सरोकारवालालाई एक ठाउँमा ल्याएको थियो भने सरकारसँग अन्तर्राष्ट्रिय सन्धिको प्रावधान पालना गर्न र दण्डहीनताको अन्त्यको माग गर्दै २९ बुँदे काठमाडौं घोषणापत्र जारी गरेको थियो।

मानव अधिकारको विषयमा जनचेतना जगाउन मानव अधिकार फिल्म महोत्सव, टेलिभिजन नाटक र अन्तर्क्रियाजस्ता शृंखलाबद्ध सार्वजनिक कार्यक्रम आयोजना गरिएको छ। जनकपुर, जुम्ला, सुर्खेत र धनगढीमा आयोजित मानव अधिकार फिल्म महोत्सवले सयौं दर्शक निम्त्याए।

परियोजनाले मानव अधिकार घोषणाको ७० औं वर्षगाँठ पनि मनाएको छ। संविधानमा उल्लेख भएका मौलिक अधिकारको प्रभावकारी प्रवर्द्धन र संरक्षण कसरी गर्ने भन्ने विषयमा छलफलका लागि सरकारी र नागरिक समाज संगठनका ७ सय बढी प्रतिनिधिहरूको सहभागीतामा ७ वटै प्रदेशमा कार्यक्रम आयोजना गरिएको थियो।



## पीडित केन्द्रित संक्रमणकालीन न्यायमा सहायता

विस्तृत शान्ति सम्झौताको १२ वर्षपछि पनि नेपालको संक्रमणकालीन न्याय प्रक्रिया जारी छ। यो प्रक्रियामा द्वन्द्व पीडितको निरन्तर र पर्याप्त सहभागिता सुनिश्चितताका लागि युएनडीपीले द्वन्द्व प्रभावित जनसंख्यासँग नजिक रहेर काम गरिरहेको छ। सन् २००७ र २०१५ मा सर्वोच्च अदालतले दिएको आदेश र अन्तर्राष्ट्रिय कानुनबमोजिम अहिलेको संक्रमणकालीन न्यायलाई समेट्ने कानुन सुधार गर्न युएनडीपीले सरकारलाई प्रोत्साहित गरिरहेको छ। युएनडीपीले पीडित केन्द्रित संक्रमणकालीन न्याय प्रक्रियाबारे छलफल र सम्भावित संशोधनका लागि उनीहरूको आवाज बुलन्द गर्न पनि सहायता गरिरहेको छ।

*युएनडीपीले पीडित केन्द्रित संक्रमणकालीन न्याय प्रक्रियाबारे छलफल र सम्भावित संशोधनका लागि उनीहरूको आवाज बुलन्द गर्न पनि सहायता गरिरहेको छ।*

संक्रमणकालीन न्यायसम्बन्धी कानुनमा भएका केही कमजोरीलाई उल्लेख गर्दै सर्वोच्च अदालतले २०१५ मा सरकारलाई कानुन संशोधन गरी सत्य निरुपण तथा मेलमिलाप आयोगलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार बनाउन आदेश दिएको थियो।

२०१८ मा युएनडीपीको संक्रमणकालीन न्याय परियोजनाले द्वन्द्व पीडित साझा मञ्चलाई शृंखलाबद्ध कार्यशाला निर्माण र आयोजनाका लागि प्राविधिक सहायता उपलब्ध गराएको थियो। यसले एक सयभन्दा बढी सहभागीलाई एक ठाउँ ल्याएर सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने कानुन संशोधनको विधेयकबारे छलफल गराएको थियो। यो अन्तर्क्रियामार्फत पीडितहरूले आफ्नो चासोबारे आवाज उठाउन पाए। निरन्तर सहयोगबाट पीडित समूहको पहिचान वृद्धि भइरहे पनि चासो सम्बोधन हुन भने बाँकी छ।

## सामाजिक सद्भावको प्रवर्द्धन

देशमा सफल निर्वाचन भए पनि नेपाललाई संघीयतामा सहज रूपमा प्रवेश गराउने महत्वपूर्ण काम भने बाँकी नै छ। नयाँ सरकारसँग सीमित स्रोत र अनुभव भए पनि जनताका भने असीमित आकांक्षा छन्।

युएनडीपीको सामाजिक सद्भाव तथा लोकतान्त्रिक सहभागिता परियोजना राष्ट्रिय र प्रदेश सरकार र समुदायलाई सार्वजनिक सेवा प्रवाहमा सहायता तथा युवा र स्वयंसेवीको संलग्नतामा आकांक्षा र कार्यक्षमताको खाडल कम गर्न मद्दत गर्दै दिगो शान्तिका लागि सहयोगमा गर्न केन्द्रित छ।

सामाजिक सद्भाव प्रवर्द्धन गर्ने यो अभियानको अंगका रूपमा युएनडीपीले देशभरका २३ हजार मानिसलाई सहभागी गराएको छ। जीविकोपार्जन, आयमूलक क्रियाकलाप, सेवा प्रवाहमा पहुँच तथा उत्तरदायित्व, सामुदायिक सुरक्षा, युवा संलग्नता, स्वयंसेवा र जोखिम न्यूनीकरणमा सहभागी यीमध्ये आधा महिला थिए।

सहकार्यमूलक नेतृत्व छलफल शैली सिकाउन र यसको अभ्यास गराउन युएनडीपीले स्थानीय राजनीतिक दल र समुदायसँग नजिक रहेर काम गरेको छ। यसले गर्दा उनीहरूलाई राजनीतिक असहमतिका कारण महिनौंदेखि रोकिएको पूर्वाधार आयोजनामा सहमतिको प्रक्रियामार्फत अघि बढाउन सहज हुन्छ।

धनगढी उपमहानगरपालिकासहित कम्तीमा चारवटा नगर पालिकालाई युवा संलग्नता र स्वयंसेवासम्बन्धी रणनीति र सञ्चालन मापदण्ड तयार पार्नका लागि युएनडीपीले सहयोग गरेको छ। यसको तत्काल प्रभाव स्वरूप धनगढी नगरपालिकाले सरकारी आयोजनामा स्वयंसेवी संलग्न गराउने उद्देश्यस्वरूप युवा नेतृत्वमा ‘सरप्राइज धनगढी’ अभियान सञ्चालन गरेको छ। युएनडीपीको नेतृत्वमा ३ सय ५० भन्दा बढी युवा स्वयंसेवीको सहयोगमा सञ्चालित युवा स्वयंसेवा अभियानले ३ हजारभन्दा बढी मानिसलाई जन्म दर्ता र ज्येष्ठ नागरिक भत्ता लिने कामजस्ता सार्वजनिक सेवा प्रवाहमा सहयोग पुऱ्याउने अभियान सञ्चालन गरेको छ। युएनडीपीको नेतृत्वमा ३ सय ५० भन्दा बढी युवा स्वयंसेवीको सहयोगमा सञ्चालित युवा स्वयंसेवा अभियानले ३ हजारभन्दा बढी मानिसलाई जन्म दर्ता र ज्येष्ठ नागरिक भत्ता लिने कामजस्ता सार्वजनिक सेवा प्रवाहमा सहयोग पुऱ्याएको छ। यस्तो अभियानले सेवामा पहुँच वृद्धिका लागि सहयोग गरेको छ। उदाहरणका लागि सुदूरपश्चिमको महाकाली नगरपालिकाको वडा नम्बर ६ मा युवा स्वयंसेवीहरूले सबै नवजात शिशुको जन्म दर्ता गराएका छन्।

सामाजिक सद्भाव प्रवर्द्धन गर्ने यो अभियानको अंगका रूपमा युएनडीपीले देशभरका

**२३,०००**

मानिसलाई सहभागी गराएको छ। जीविको पार्जन, आयमूलक क्रियाकलापमा संलग्न यीमध्ये आधा महिला थिए।



*सामाजिद सद्भाव प्रवर्द्धनको लागि बाँकेमा आयोजित स्थानीय महोत्सवमा नृत्य गर्दै कलाकार।*

*युएनडीपी नेपाल*

## दिगो विकास लक्ष्यका लागि युवा सहभागीता

युवाहरूसँग आज हामी कसरी संलग्न हुन्छौं भन्ने कुराले दिगो विकास र शान्तिको दृष्टिकोण निर्धारण गर्छ। युवाहरू नेपालको जनसंख्याको बहुमत हिस्सा आज मात्रै होइन, युवाहरूको जनसंख्याको समूहले २०३५ सम्म पनि जनसंख्याको बहुमत हिस्सा ओगट्नेछ। यो अवधिले दिगो विकास हासिल गर्ने र त्यसपछिको समय पनि ओगट्छ।

२०१८ मा आफ्नो युवा रणनीति (२०१८-२०२४) बाट निर्देशित रहेर युएनडीपीले केही युवा नेतृत्वका संघसंस्थाहरूसँग साझेदारी गरेको छ। युवाहरूले सोचाइ, नवीन सोच र दिगो विकासमा सक्रियतापूर्वक योगदान पुऱ्याउन सक्ने गरी अर्थपूर्ण अवसर सिर्जनाका लागि युवा नेतृत्वका संघसंस्थाहरूसँग साझेदारी गरिएको हो। ३० भन्दा बढी संघसंस्थाको माध्यमबाट २ हजारभन्दा बढी युवाहरूले यो संयुक्त अभियानमा सहभागिता जनाएका थिए।

युएनडीपीको युथ को-ल्याब युवा उद्यमी प्रवर्द्धनका लागि क्षेत्रीय अभियानमार्फत ७० भन्दा बढी युवाहरूलाई एक ठाउँमा ल्याइयो र व्यावसायिक रूपमा लाभदायी आयोजनाका लागि उनीहरूलाई स्रोत र साधन उपलब्ध गराएर नवीन खालको सोच विकासका लागि सहयोग गरियो। उत्कृष्ट आइडियामध्ये दुईलाई उत्कृष्ट घोषणा गरिएको थियो। व्यवसायसम्बन्धी सेवा दिने ड्रोन एयरलिफ्ट र माटोबिना अर्गानिक खेती गर्ने एरोरोबोट उत्कृष्ट भएका थिए।

युएनडीपीसँगको सहकार्यमा संयुक्त रूपमा युवा परिषद्ले नेपालमै पहिलोपटक युवा संसद आयोजना गरेको थियो, जहाँ नेपालका विभिन्न क्षेत्रबाट सहभागी ६९ युवा प्रतिनिधिहरूले संसदीय लोकतन्त्र र यसको प्रक्रियाबारे जानकारी लिए।

सामाजिक सञ्जालमार्फत सञ्चालन गरिएको भ्रष्टाचार विरुद्धको अभियानका कारण युएनडीपी र यसका साझेदारले सबैले कसरी इमान्दारिता, पारदर्शिता र उत्तरदायित्व वृद्धिका लागि योगदान गर्न सक्छन् भन्ने सन्देशसहित २० हजारभन्दा बढी मानिसलाई जनचतेना अभिवृद्धि गराउन सकेका छन्। भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा सुरु गरिएको जिम्मेवारी अभियानले सातै प्रदेशमा शृंखलाबद्ध अन्तर्क्रियामार्फत ६ सयभन्दा बढी युवा नेतृत्वलाई संलग्न गराएको छ।

जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय युवा सम्मेलनले देशभरका एक सयभन्दा बढी युवाहरूलाई सहभागी गराएको छ, जसमा सहभागीहरूले उत्थानशील नेपाल निर्माणमा युवाहरूको भूमिका के हुन्छ भन्ने विषयमा छलफल गरेका थिए। सम्मेलनले सबै प्रदेशमा जलवायु परिवर्तनका लागि कार्ययो जनाको माग गर्दै ११ बुँदे घोषणापत्र जारी गरेको छ। नेपाल उद्यमी हब, नेपाल इन्नोभेसन ल्याब र अन्य संयुक्त राष्ट्रसंघीय निकायसँगको सहकार्यमा गरिएको स्टार्ट अप विकेन्ड अन वुमन, गर्ल्स एन्ड एसडीजीजस्ता विशेष कार्यक्रमले नेपालका विभिन्न क्षेत्रका ५० युवतीलाई व्यावसायिक सोच विकास र लागू गर्न सहयोग पुऱ्याएको छ। यसबाहेक अन्तर्राष्ट्रिय अपांगता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनसँगको साझेदारीमा आयोजना गरिएको अपांगता भएका युवाहरूको राष्ट्रिय सम्मेलनले यस्ता युवाहरूले जीविकोपार्जनका लागि भोग्नुपरेको चुनौती र अवसरका विषयमा छलफल गर्न सहयोग गरेको छ।



*काठमाडौंमा आयोजना गरिएको इन्नोभेसन फेयरमा सहभागी विद्यार्थीहरू।*
*युएनडीपी नेपाल*



प्लास्टिकजन्य फोहोरबाट काम लाग्ने सामान उत्पादन गर्ने थ्री डी प्रिन्टिङको परीक्षण गर्दै इन्जिनियरिङका विद्यार्थी ।

विवेकधर शर्मा/युएनडीपी नेपाल

फिचर

# वास्तविक इच्छाशक्ति

**पछिल्लो निर्वाचनमार्फत संसद् सदस्यमा नियुक्त भएपछि समिना हुसेनको लामो समयदेखिको राजनीतिक आकांक्षाले मूर्त रूप पाएको छ। रौतहटको आफ्नो निर्वाचन क्षेत्रका महिलाहरूको जीवनमा सकारात्मक परिवर्तनका लागि आफ्नो पदको उपयोग गर्ने उनको योजना छ।**

पछिल्लोपटक नेपालमा चुनाव सन् १९९७ मा मात्रै भएको थियो। त्यसैले जब २०१७ को निर्वाचनमा मतदान प्रक्रिया सुरु भयो, धेरै जनताहरू त्यसमा भाग लिनका लागि तयार भए। स्थानीय, प्रदेश र संघीय तहको सफल निर्वाचनले नेपालमा केन्द्रको शक्ति विकेन्द्रीकरण हुने गरी स्थायी लोकतन्त्रको बाटो खुला गऱ्यो।

निर्वाचनले खुसी हुने धेरैमध्येकी एक रौतहटकी समिना हुसेन पनि थिइन्। उनी तत्कालीन एमालेबाट समानुपातिक सूचीमार्फत सांसद चुनिएकी हुन्।

बाराको डुमरबारमा जन्मिएकी समिना अस्थिर राजनीतिक वातावरणमा हुर्किइन्। उनी हुर्किने बेलामा देशमा राजतन्त्र थियो र धेरै हिसाबले पूर्ण स्वतन्त्रता थिएन। सक्रिय राजनीति गर्ने आफ्नो पिताको अमिट छाप समिनामा परेको थियो।

"बुवा पार्टी कार्यालयमा बैठकहरूमा व्यस्त हुँदा आमाले मलाई पनि लिएर खाना पुऱ्याउन जानुभएको सम्झना छ," उनी भन्छिन्, "म त्यहाँ बसेर अरूलाई सहयोग गर्ने, जनताको अधिकार रक्षाको विषयमा बुवाहरूले छलफल गरेको सुन्थे।"

यस्ता बैठकमा बसेर उनमा पूरा देश वा आफ्नो क्षेत्रको समृद्धि प्रजातान्त्रिक अभ्यासमार्फत मात्रै हासिल हुन सक्ने विश्वास आयो। यसका लागि आफैं राजनीतिमा लाग्नुपर्छ भन्ने विचार उनमा पलायो।

समिनाले यहाँसम्म आइपुग्न लामो यात्रा तय गरेकी छन्। विद्यालयमा छँदै उनले युवा क्लब र विभिन्न नेतृत्व विकासका तालिमहरूमा सहभागिता जनाएकी थिइन्। यो सबै उनको राजनीतिक भविष्यका लागि तयारी थियो। एकपटक पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल बारा पुग्दा आफ्नो राम्रो छवि कायम राख्न उद्यत देखिएकी समिनाले कमलको फूल लगेर दिएकी थिइन्।

उनको राजनीतिक आकांक्षाप्रति उनको परिवार सदैव सकारात्मक रह्यो।

"महिला भएकाले यो बाटोमा हिँड्न धरै गाह्रो थियो। अहिले पनि वरिष्ठताको आधारमा निर्णय हुन्छ र महिला सशक्तिकरण धेरै पछाडि नै छ," उनी भन्छिन्। तै पनि उनले हिम्मत हारिनन्। महिला, दलित तथा सीमान्तकृत समुदायका सदस्यलाई संविधानले आरक्षित गरेको संख्या स्वागतयोग्य विकास



हो। उनी निर्वाचन अभियानको क्रममा उम्मेदवारले गर्ने खर्चप्रति भने चिन्तित छिन्।

"निर्वाचनको क्रममा खर्च हुने यत्रो ठूलो रकम आफ्नै खल्तीबाट मात्रै गर्न सकिन्न," उनी भन्छिन्। "मलाई के लाग्छ भने यदि तपाईं राम्रो नेता हो भने मतदातालाई आकर्षित गर्न भोज गरिरहनु पर्दैन," निर्वाचनका क्रममा हुने अभ्यासप्रति इंगित गर्दै उनी भन्छिन्।

भविष्यमा स्थानीय संरचनालाई बलियो बनाउन र उनीहरूको कामलाई प्रभावकारी बनाउन थप सहयोग गर्नुपर्ने समिना बताउँछिन्। उनका अनुसार यसको एउटा उदाहरण युएनडीपीले आयोजना गरेको सहकार्यमूलक नेतृत्व र छलफल तथा निर्वाचन हिंसा रोकथाम कार्यशाला पनि हो। युएनडीपीको द्वन्द्व रोकथाम कार्यक्रम र सामाजिक सद्भाव तथा लोकतान्त्रिक सहभागिता कार्यक्रमले आयोजना गरेको कार्यशालामा उनी पनि सहभागी थिइन्।

अहिले उनको सपना पूरा भएको छ, अब समिना आफ्नो पदको उपयोग गरेर आफ्नो निर्वाचन क्षेत्रका महिलाहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन चाहन्छिन्। "महिलाहरूमा अझ धेरै गर्ने क्षमता छ तर हामीसँग अवसर र स्रोतमा पहुँच छैन," उनी भन्छिन्, "म यसलाई परिवर्तन गर्न चाहन्छु।"

खण्ड ३

# उत्थानशीलता प्रवर्द्धन

नेपाल विभिन्न विपद् जोखिम रहेको विश्वका २० देशमध्येमा पर्छ भने जलवायु परिर्वतनको जोखिमका हिसाबले चौथो स्थानमा पर्छ। दिगो विकास लक्ष्य हासिल गर्नका लागि यो ठूलो चुनौती हो। यो परिदृश्यमा युएनडीपीले नेपाल सरकारलाई प्राकृतिक प्रकोप र जलवायु परिर्वतनको असर न्यूनीकरणका लागि व्यक्ति, समुदाय तथा राष्ट्रियस्तरको उत्थानशीलता निर्माणमा सघाइरहेको छ। विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन, गरिबी निवारण तथा दिगो विकास आपसी समन्वय र एकअर्काको सहयोगमा अघि बढाउनुपर्छ भन्ने सिकाइका आधारमा यो प्राथमिकता निर्धारण गरिएको हो।



खुम्बु क्षेत्रमा राखिएको यस्ता पूर्वसूचना प्रणालीले कसरी पर्यटन उद्योगको सुरक्षा र दिगोपनालाई बचाइराखेको छ भन्ने विषयमा बुझाउँदै पर्यटक पथप्रदर्शक नबाङ छिरिङ । उच्च जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रणाली राख्नका लागि नेपाल सरकारलाई युएनडीपीले सघाएको छ ।

📷 लक्ष्मीप्रसाद ङाखुसी, युएनडीपी नेपाल



## विपद् व्यवस्थापन तयारीलाई संस्थागत गर्दै

प्रधानमन्त्री नेतृत्वको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्ले विपद्जन्य जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि राष्ट्रिय नीति र रणनीतिक कार्ययोजना (२०१८-२०३०) जारी गरेपछि २०१८ मा नेपालले विपद् व्यवस्थापन तयारीलाई संस्थागत गर्ने काममा उल्लेखनीय प्रगति हासिल गरेको छ। यो दीर्घकालीन राष्ट्रिय नीतिले सक्रिय रूपमा विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापन प्रवर्द्धनका लागि कार्ययोजना तयार पारेको छ। यो रणनीतिक कार्ययोजनाले विपद् जोखिम न्यूनीकरण प्राथमिकताको सेन्डाई प्रारूपका आधारमा आफ्नो प्राथमिकता तय गरेको छ। युएनडीपीले गृह मन्त्रालयलाई महत्वपूर्ण नीतिगत कागजपत्र तयार पार्न प्राविधिक सहायता

*युएनडीपीले गोर्खामा १५ सयभन्दा बढी सिकर्मीलाई तालिम दिएको छ र तीमध्ये अधिकांश महिला हुन्।*

*युएनडीपी नेपाल*



**1,500**

भन्दा बढी सिकर्मीलाई उत्थानशील र कम खर्चमा बन्ने घर निर्माणको तालिम दिइएको हो।

उपलब्ध गराएको छ, जसमा केन्द्र र प्रदेशका धेरै सरोकारवालाको परामर्श समेटेर सबै सरोकारवालाहरू बलियो स्वामित्व र समर्थन सुनिश्चित गरिएको छ।

२०१८ मा भूकम्पपछिको पुनर्निर्माणले तीव्रता पाएको छ। गरिब र जोखिमयुक्त परिवारलाई प्राथमिकता राखेर युएनडीपीले सरकारलाई सामाजिक-प्राविधिक सहजीकरणमार्फत गरिरहेको सहयोगलाई निरन्तरता दिएको छ। गोर्खामा भारत र युएनडीपीको सहयोगमा आवास पुनर्निर्माण परियोजनाले लक्ष्यमध्ये ६९ प्रतिशत सफलता हासिल गरेको छ, जसबाट २६ हजार ९ सय लाभान्वितले भूकम्प सुरक्षा मापदण्ड अपनाएर आफ्नो घर पुनर्निर्माण गरिरहेका छन्। परियोजनाले प्रत्यक्ष रूपमा ८ हजार घरधनीहरूलाई निर्माण सहायता गरेको छ। परियोजना उनीहरूलाई घरको डिजाइन तथा लागतदेखि बैंकिङ

प्रक्रियामा सहायता र अनुगमनमा सहयोग गरिरहेको छ।

सिन्धुपाल्चोक र दोलखाका ६० गरिब र जोखिमयुक्त परिवारले युएनडीपीबाट प्रत्यक्ष प्राविधिक सहायता पाएका छन्। धेरै घर परिवारले आवास निर्माण साथी भनेर चिनिने तालिम प्राप्त सिकर्मी, सामुदायिक सहजकर्ता, इन्जिनियर र आर्टिटेक्टबाट लाभ पाएका छन्। यस्ता दक्ष प्राविधिक भूकम्प प्रभावित क्षेत्रमा सिकर्मी र घरधनीहरूलाई सुरक्षित आवास निर्माणका लागि निर्देशित गर्न खटाइएका छन्।

उत्थानशीलता निर्माणको अर्को कोसेढुंगा पार गर्दै यूके एड र युएनडीपीपको सहयोगमा सरकारले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको डिजाइन र स्वरूप तयार पार्ने काम सकेको छ। यो देशभर विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको काम गर्ने सर्वोच्च निकाय हो।

विद्युतीय आवास अनुमति प्रणाली बुटवल, धरान, चौतारा र मध्यपुर ठिमी नगरपालिकामा विस्तार गर्नका लागि पनि सरकारलाई युएनडीपीले गरेको सहयोगलाई निरन्तरता दिइएको छ। यो नवीन औजारले सरकारलाई भवन संहिता लागू गर्नका लागि अर्थपूर्ण रूपमा सहयोग मात्र गरेको छैन कि सेवा प्रवाहमा प्रभावकारिता, पारदर्शिता र उत्तरदायित्व पनि बढाएको छ।

समुदायहरूलाई भविष्यमा आइपर्ने विपद्को विषयमा तयारी गराउन युएनडीपीले स्थानीय सरकारसँग नजिक रहेर काम गर्दै बाढीको उच्च जोखिममा रहेका सिन्धुपाल्चोक र सुर्खेत जिल्लामा पूर्वसूचना प्रणाली जडान गर्न सहायता प्रदान गरेको छ। यसले ७ सय ९० भन्दा बढी घरधुरी लाभान्वित भएका छन्। यो पूर्वसूचना प्रणालीले जलवायु र मौसमसम्बन्धी सूचना किसानलाई उपलब्ध गराएर जलवायु विपद् जोखिम न्यूनीकरण गर्दै सोहीअनुसारको अभ्यास अंगीकार गर्न सघाएको छ। यूके एड चीनको आर्थिक सहयोगमा नेपाल, बंगलादेश र चीनमा संयुक्त रूपमा कार्यान्वयन गरिएको दक्षिण-दक्षिण समन्वय अभियानमार्फत यो नतिजा हासिल गरिएको हो।

परियोजनाले प्रत्यक्षरुपमा

**८,000**

परिवारलाई आवास निर्माण सम्पन्न गर्नको लागि सहायता गरेको छ।

Watch video

## खर्चले धान्न सक्ने र स्वच्छ ऊर्जामा सुधारिएको पहुँच

२०१८ मा नेपालले लघु जलविद्युत् आयोजनाको दिगो पनासम्बन्धी समस्याको निकास निकाल्यो। नेपाल विद्युत् प्राधिकरणले नुवाकोटका स्थानीय एक सय घरमा उज्यालो पुऱ्याइरहेको लघु जलविद्युत् आयोजनालाई राष्ट्रिय ग्रिडमा जोडेर स्थानीय रूपमा खपत भएर उब्रिएको विद्युत् किन्ने भनेर निर्णय गरेपछि यो समस्याको निकास निस्किएको हो। यसले भविष्यमा अन्य लघु जलविद्युत् आयोजनाबाट उत्पादित बढी ऊर्जा पनि यसैगरी बिक्री गर्ने बाटो खुला भएको छ।

ग्लोबल इन्भारोमेन्ट फ्यासिलिटीको लगानीमा सञ्चालित युएनडीपीको ग्रामीण जीविकोपार्जनका लागि नवीकरण ऊर्जा परियोजना र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहजीकरणमा यो लघु जलविद्युत् आयोजनालाई ग्रिडमा जोडिएको हो। साना र छुट्टै लघु जलविद्युत् केन्द्रमा आश्रित समुदायहरूका लागि यो सांकेतिक विजय हो। यो कदमले गाउँमा राष्ट्रिय विद्युत् जोडिएपछि पनि साना जलविद्युत् केन्द्रले आफ्नो विद्युत् राष्ट्रिय ग्रिडमा जोडेर आम्दानी गर्न सक्छन्। नुवाकोटमा भएको यो लघु विद्युत् राष्ट्रिय ग्रिडमा जोडिएपछि लघु जलविद्युत् आयोजना निजी लगानीकर्ताका लागि एक्कासि आकर्षक क्षेत्र बनेको छ।



*नुवाकोटस्थित सौर्यभूमि विद्युत् आयोजना २०१८ मा राष्ट्रिय ग्रिडमा जो डिएको थियो।*

*युएनडीपी नेपाल*



सञ्चालनमा रहेका १८ सयभन्दा बढी लघु विद्युत् केन्द्रमध्ये एक तिहाइ राष्ट्रिय ग्रिडको वरपर नै छन् । यी आयोजनालाई राष्ट्रिय ग्रिडमा जोडे तत्कालै १० मेगावाट विद्युत् एकीकृत गर्न सकिन्छ भने हिमाली क्षेत्रमा रहेका हजारौं समुदायलाई आम्दानीको स्थिर स्रोत दिलाउन सकिन्छ । सन् २०१८ मा युएनडीपीको सहयोगमा कम्तीमा पनि ४ वटा लघु विद्युत् केन्द्रहरू राष्ट्रिय ग्रिडमा जोडिएका छन्, जसबाट गण्डकी र प्रदेश १ मा २३ सय घरधुरीका लागि आम्दानी र ऊर्जा प्रवाह सुनिश्चित भएको छ ।

नयाँ सोलार केन्द्र र लघु विद्युत् केन्द्र स्थापना गर्ने कामलाई पनि युएनडीपीले निरन्तरता दिएको छ । प्रदेश १ र २ का अति विपन्न ४ सयभन्दा बढी घरधुरी लाभान्वित हुने गरी युएनडीपीले तीनवटा सोलार लघु ग्रिड र सोलार पम्पिङ प्रणाली जडान गरेको छ । कर्णाली र प्रदेश २ मा सर्पदंश उपचार केन्द्र, स्वास्थ्य चौकी, प्रसूतिगृहजस्ता एक दर्जनभन्दा बढी स्वास्थ्य संस्थाहरूमा विद्युत् ब्याकअप प्रणाली जडान गरिएको छ ।

२५ वटा लघु विद्युत् केन्द्रको व्यावसायिक सञ्चालनका लागि पनि युएनडीपीले सहायता गरेको छ, जसका कारण आम्दानीमा वृद्धि भएको छ । ८३ किलोवाट विद्युत् उत्पादन गर्ने अछाममा रहेको दर्ना लघु विद्युत् केन्द्रले आफ्नो मासिक आम्दानीमा ५ गुणा वृद्धि गरेको छ । छिमेकी कालागाउँमा विद्युत् निर्यात गर्न थालेपछि यसको आम्दानी मासिक २ सय ५० डलरबाट बढेर १ हजार २ सय ५० डलर पुगेको छ ।

*बारामा रहेको तेलकुवा सोलार सिँचाइ आयोजनाले यहाँका स्थानीयलाई निरन्तर स्वच्छ ऊर्जा उपलब्ध गराइरहेको छ ।*

*युएनडीपी नेपाल*

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहकार्य कार्यक्रमसँगको साझेदारीमा युएनडीपीले करिब ५ मेगावाट क्षमता भएका मिनी जलविद्युत् र सोलार मिनी ग्रिड निर्माण गरिरहेको छ, जसले दुर्गम क्षेत्रका हजारौं गाउँहरूलाई उज्यालो दिनेछ । यो कार्यक्रमअन्तर्गत सोलार मिनी ग्रिडमार्फत ३ सय ३५ किलोवाट ऊर्जा उत्पादन भएको छ, जसबाट प्रदेश १, ३, ६ र ७ का १२ सय घरधुरीमा सस्तो र स्वच्छ ऊर्जाको पहुँच पुगेको छ ।

## जलवायु वित्त परिचालनका लागि नेपाललाई सहयोग

जर्मनी सरकारको लगानीमा युएनडीपीले अर्थ मन्त्रालय र अन्य सरोकारवालाहरूलाई ग्रिन क्लाइमेट फन्ड (हरित जलवायु कोष) को वित्तको पहुँच, व्यवस्थापन र अनुगमनका लागि क्षमता अभिवृद्धि गर्न सहयोग गरिरहेको छ । विकासोन्मुख राष्ट्रलाई जलवायु परिवर्तनप्रति प्रतिक्रिया गर्न सहयोग गर्ने उद्देश्यले स्थापित यो नयाँ विश्वव्यापी कोष हो । २०१८ मा दुई सरकारी निकाय नेपाल प्रकृति संरक्षण कोष र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले यो कोषको अनुदान स्रोत प्रत्यक्ष प्राप्त गर्नका लागि विशेष स्थान सुरक्षित गरेका छन् । नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेडसहित सहरी विकास कोषलाई अर्थ मन्त्रालयले कोषको रकम ऋणसहितको मिश्रित आर्थिक स्रोत उपलब्ध गराउनका लागि सिफारिस गरेको छ ।

युएनडीपीको सहयोगमा सरकारले कृषि क्षेत्रमा भइरहेको जलवायु उत्थानशील खर्चको तथ्यांक राख्न नवीन साधन प्रयोगमा ल्याएको छ। यसले जलवायु प्रतिक्रियाका लागि अझ राम्रो योजना र अनुगमनका लागि सहयोग गर्छ। जलवायुसम्बन्धी कार्यक्रमका लागि विनियोजित बजेट जोखिमयुक्त किसानसमक्ष पुगेको सुनिश्चित गर्न र उदाउँदो जलवायु चुनौतीको सामना गर्न उनीहरूलाई तयार पार्नका लागि लैंगिक चासो सम्बोधन गर्न यो महत्वपूर्ण कदम हो।

निजी क्षेत्रलाई दिगो विकास हासिलका लागि योगदान गर्न प्रोत्साहित गर्ने सम्बन्धित अभियानमार्फत युएनडीपीले यती एयरलाइन्सलाई नेपालकै पहिलो कार्बन तटस्थ एयर लाइन्स बन्ने प्रयासमा सघाएको छ। कम्पनीलाई उसको कार्बन उत्सर्जन मापन गर्ने साधन उपलब्ध गराइएको छ र कार्बन सन्तुलन तथा कार्बन न्यूनीकरणमार्फत कार्बन तटस्थ बन्न कार्ययोजना तयार पार्न सहयोग गर्ने उद्देश्यले क्षमता अभिवृद्धि गराइएको छ।

## जलवायु अनुकूलनमा सहयोग

पाँच वर्षभन्दा बढी समयदेखि युएनडीपीले डिपार्टमेन्ट फर इन्टरनेसनल डेभलपमेन्ट (डीएफआईडी) सँगको साझेदारीमा नेपाल सरकारलाई जोखिमयुक्त र गरिब समुदायमा जलवायु परिवर्तन अनुकूलनका लागि सहयोग पुग्ने गरी शृंखलाबद्ध काम गर्न नेपाल सरकारलाई विशिष्ट खालको नेपाल जलवायु परिवर्तन सहायता कार्यक्रममार्फत सहयोग गर्दै आएको छ। २०१८ को संघीय संरचना कार्यान्वयनले सन्दर्भ फेरिएपछि युएनडीपी नयाँ रणनीति र क्रियाकलापहरू नवगठित स्थानीय सरकारसँग मिल्ने गरी नयाँ ढाँचामा ढाल्नका लागि केन्द्रित छ। जलवायु सिर्जित हानिको उच्च जोखिममा रहेको भनी पहिचान गरिएको १४ वटा स्थानीय सरकारमा नयाँ संरचनाअनुसार काम गर्न कार्यक्रम केन्द्रित छ। ७९ वटा जलवायु उत्थानशील परियोजना निर्माण गरी जलवायु परिवर्तनलाई विकास योजनामा समावेश गर्नका लागि युएनडीपीले स्थानीय सरकारसँग नजिक बसेर काम गरेको छ।

केन्द्रीय तथा प्रदेशमा रहेका सरोकारवालाहरूसँग परामर्श र समीक्षा गरी जैविक विविधता सम्मेलनसम्बन्धी राष्ट्रिय प्रतिवेदन तयार पार्न युएनडीपीले वन तथा वातावरण मन्त्रालयलाई सहयोग गरेको छ।

४ वटा लघु विद्युत् केन्द्रहरू राष्ट्रिय ग्रिडमा जोडिएका छन्, जसबाट

**२,३००**

घरधुरीका लागि आम्दानी र ऊर्जा प्रवाह सुनिश्चित भएको छ।



*विपद् जोखिमका क्षेत्रमा स्वचालित केन्द्र तथा पूर्वसूचना प्रणाली स्थापनाका लागि युएनडीपीले सहयोग गरेको छ।*
*युएनडीपी नेपाल*

## संरक्षणसाग जीविकोपार्जनको सम्बन्ध

विकासोन्मुख देशमा वातावरणीय क्षति र जलवायु परिवर्तनको असर सबैभन्दा पहिला स्थानीय समुदायले अनुभव गर्ने विश्वभरको विकास अनुभवले देखाएको छ। ग्लोबल इन्भारोमेन्ट फ्यासिलिटीसँगको साझेदारीमा युएनडीपीले नेपाल र अन्य देशमा जोखिमयुक्त समुदायको जीविकोपार्जन र संरक्षणको सम्बन्ध जोड्ने साना खालका कार्यक्रम विकास र कार्यान्वयनका लागि सहयोग गरिरहेको छ।

ग्लोबल इन्भारोमेन्ट फ्यासिलिटीसँगको साझेदारीमा २०१८ मा युएनडीपीले स्थानीय समुदायलाई प्रत्यक्ष १२ वटा साना अनुदान प्रदान गरेको छ। यो अनुदान जैविक विविधता संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण, जमिन क्षयीकरणको न्यूनीकरण र कार्बनिक रसायनको प्रयोग हटाउनका लागि चुनौती सम्बोधन र न्यूनीकरणको उद्देश्यसहित दिइएको हो। यी अनुदानबाट प्रत्यक्ष रूपमा २१ सय मानिस लाभान्वित भएका छन्।

**२,१००**

मानिसहरु लाभान्वित हुने गरी जैविक विविधता संरक्षणका १२ वटा लघु अनुदान स्थानीय समुदायलाई दिइएको छ।

*युएनडीपीले जनकपुर मा सञ्चालनमा ल्याएको सौर्य ऊर्जाबाट चल्ने र एक ठाउँबाट अर्को ठाउँमा सजिलै लैजान सकिने पम्पिङ प्रणाली।*

*किरण पाण्डे, युएनडीपी नेपाल*

प्रदेश १ को मोरङमा युएनडीपीले उपलब्ध गराएको सानो अनुदानबाट नवीन प्रविधि प्रयोग सुरु गरिएको छ। यसले स्थानीय च्याउ किसानलाई जैविक खेती गर्न सकिन्छ भन्ने मा आशा जगाएको छ। सोलार ऊर्जाको प्रयोग गर्ने यो प्रविधिले किसानलाई वातावरणमैत्री, कम खर्च र प्रभावकारी समाधान हुने गरी जीवाणुरहित सुकेको घाँस उपलब्ध गराउँछ, जुन च्याउ खेतीका लागि आवश्यक प्रमुख कच्चा पदार्थ हो। यो प्रविधि देशैभरि प्रयोग गर्न सकिने खालको छ। यसको प्रयोगले किसानको आम्दानी वृद्धि हुने मात्र नभई कार्बन उत्सर्जनमा पनि कमी आउनेछ।

प्रदेश २ को जनकपुरमा एक ठाउँबाट अर्को ठाउँमा सजिलै लान सकिने र सौर्य ऊर्जाबाट सञ्चालन हुने पम्पिङ प्रणाली लोकप्रिय भइरहेको छ। आर्थिक रूपमा विपन्न १४ वटा समुदायमा प्रयोग थालिएको यो सोलार पम्पले एक दिनमा १० हेक्टर जमिनमा सिँचाइ गर्न सक्छ। यो नयाँ प्रविधिका कारण स्थानीय किसानले प्रतिदिन इन्धनमा हुने खर्च करिब ३ सय ५० डलर बचत गरिरहेका छन्। यति मात्र नभएर यसले किसानको बारीबाट हुने कार्बन उत्सर्जनमा पनि कमी ल्याएको छ।





युएनडीपीको सहयोगमा जडान गरिएको आफ्नो नयाँ सोलार मेसिन देखाउँदै बाबुराजा श्रेष्ठ। च्याउ किसानका लागि जीवाणुर हित सुकेको घाँस उपलब्ध गराउनका लागि सौर्य ऊर्जाबाट चल्ने मेसिन निर्माण गर्नका लागि युएनडीपीले स्थानीय इन्जिनियर हरूलाई संलग्न गराएको छ।

किरण पाण्डे, युएनडीपी नेपाल

# पुनर्निर्माणमा तीव्रता



भारत सरकारको सहयोगमा सञ्चालित युएनडीपीको नेपाल आवास पुनर्निर्माण परियोजनाले गोरखामा आवास पुनर्निर्माणलाई तीव्रता दिन उल्लेखनीय सफलता हासिल गरेको छ। गोरखा जिल्ला सन् २०१५ अप्रिलमा नेपालमा गएको विनाशकारी भूकम्पको इपिसेन्टर हो। ६ वटा गाउँपालिका र २ वटा नगरपालिकाका २६ हजार घरधनीलाई महत्वपूर्ण सहायता प्रदान गर्दै मार्च २०१८ मा पुनर्निर्माणको काम सुरु गरिएको थियो। सहायता प्राप्त गर्नेमध्ये ८ हजार जोखिमयुक्त समुदायका परिवार हुन्। सरकारको भवन संहिता पालना गर्दै भूकम्प सुरक्षा मापदण्ड पछ्याएर करिब तीन चौथाइ घरहरू पुनर्निर्माण भइसकेका छन्।

परियोजनामार्फत घरधनीहरूले आफ्नो आवश्यकताअनुसार को सामाजिक-प्राविधिक सहायता प्राप्त गरेका छन्। जसमा निम्नअनुसारका केही वा पूरा सहायता समावेश छ :

*सरकारको भवन संहिता पालना गर्दै भूकम्प सुरक्षा मापदण्ड पछ्याएर करिब तीन चौथाइ घरहरू पुनर्निर्माण भइसकेका छन्।*

- नगरपालिकाको स्वीकृतिका लागि भवनको डिजाइन र नक्सा तयार पार्ने
- निर्माण खर्चको अनुमान र उपलब्ध स्रोतमा पहुँच
- दक्ष मिस्त्रीसँग सम्पर्क
- निर्माणको निरीक्षण
- आर्थिक सहायता प्रक्रियामा सहजीकरण
- पुनर्निर्माणको पूरा प्रक्रियामा आवश्यक कागजपत्रको बन्दोबस्ती

परियोजनाले १ सय ८० भन्दा बढी दक्ष कामदार परिचालन गरेको थियो। जसमा संयोजक, इन्जिनियर, आर्किटेक्ट, सबइन्जिनियरिङ, आवास निर्माण साथी (सुरक्षित निर्माणको प्राविधिक अभ्यासमा निपुण अनुभवी सिकर्मी) र सामुदायिक सहजकर्ता परिचालन थिए। युएनडीपीको सहयोगमा सरकारद्वारा परिचालित इन्जिनियरहरूले पुनर्निर्माणमा तीव्रता दिन तालिमसहित गाउँपालिका र नगरपालिकाका अधिकारीहरूको प्रभावकारी संलग्नता र समन्वय गर्दै भवन पुनर्निर्माणको नेतृत्व गरेका थिए।



# भारतीय राजदूतको सन्देश

जब २०१५ मा भूकम्प गयो तब हामीले भारतबाट उद्धार र राहतका लागि तत्काल प्रतिक्रिया जनायौं । पुनर्निर्माणको काम सुरु भएपछि पुनर्निर्माण भनेको पुरानै अवस्थामा जस्ताको तस्तै बनाउनु नभई भूकम्प प्रतिरोधी तथा पहिलेभन्दा राम्रो बनाउनु र जनताको आत्मसम्मान र जीवनस्तर सुधारिएको सुनिश्चित हुनुपर्छ भन्ने हामीले सोच्यौं ।

यसका लागि भारत सरकारले १ अर्ब अमेरिकी डलरको राहत प्याकेज घोषणा गऱ्यो, जसमध्ये २५० मिलियन अमेरिकी डलर अनुदान हो भने ७५० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण हो । मलाई के खुसी लाग्छ भने आवास पुनर्निर्माणको क्षेत्रमा २०१८ मा हामीले निकै अघि बढेर उल्लेख्य सफलता हासिल गऱ्यौं । आवास क्षेत्रका लागि १५० मिलियन अमेरिकी डलर विनियोजन गरिएकामा १ सय मिलियन अमेरिकी डलर भारत सरकारका तर्फबाट अनुदान हो भने ५० मिलियन अमेरिकी डलर भने ऋण सहायता हो, जुन गोरखा र नुवाकोटका ५० हजार निजी आवास पुनर्निर्माणमा सहायताका लागि हो । नेपाल सरकारसहित राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र युएनडीपी तथा परियोजना सेवाका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय (यूएनओपीएस) सहित संयुक्त राष्ट्रसंघसँग नजिक रहेर काम गर्न पाउँदा हामी निकै खुसी छौं । प्रभावित घरपरिवारलाई सहायता पुऱ्याउनका लागि यी हाम्रा साझेदार हुन् ।

धेरै प्रगति हासिल भएका छन् र हामीले नेपाल सरकारलाई २० मिलियन अमेरिकी डलर रकम बुझाइसकेका छौं र अर्को किस्ताबापत्को रकम पनि चाँडै उपलब्ध गराउने छौं । यो परियोजनालाई प्रगति गरिरहेको र मानिसहरूले लाभ पाइरहेको देख्दा म खुसी छु । केही ढिला भए पनि मानिसहरूको जीवन सामान्य अवस्थामा फर्काउन र मर्यादापूर्ण जीवन दिलाउनका लागि प्रशस्त सफलता प्राप्त भएको छ ।

**मञ्जीभ सिंह पुरी**
नेपालका लागि भारतीय राजदूत




*लक्ष्मीप्रसाद ङाखुसी, युएनडीपी नेपाल*




सुरक्षित पुनर्निर्माणबारे भिडियो र सञ्चार सामग्रीसहितको भ्यान । दुर्गम क्षेत्रका जनतासम्म पुग्न यो उपाय निकै प्रभावकारी छ ।

© लक्ष्मीप्रसाद ङाखुसी, युएनडीपी नेपाल

फिचर

# उत्थानशीलता प्रवर्द्धन : डकर्मी सीपमा शर्मिलाको फड्को

**२५ वर्षीय शर्मीला माझी आफ्ना दुई बहिनी र अभिभावकसँग इन्द्रावती–१० फ्कोलुंगेमा बस्छिन् । यो काठमाडौंबाट करिब ३ सय किलोमिटर पूर्वमा पर्ने दुर्गम हिमाली गाउँ हो । आदिवासी माझी परिवारमा जन्मिएकी शर्मीला निकै गरिबीमा हुर्किइन् ।**

उनका अभिभावक र माझी समुदायका धेरैजसो मानिसले पुस्तौंदेखि माछा मार्ने पेसा अँगाल्दै आएका छन् । पछिल्लो समय खोलामा माछा पाइन छाडेपछि अन्य माझीहरूजस्तै शर्मीलाका अभिभावक आफ्नो दैनिकी टार्न ज्यालादारी मजदुरमा रूपान्तरण भए ।

शर्मीला कहिल्यै विद्यालय गइनन् । विद्यालय जानु उनका अभिभावकको आर्थिक अवस्थाले नधान्ने सुविधा थियो । उनले आफ्ना दुई बहिनीको स्याहारसुधार, गाईवस्तुको हेरचाह र आफ्ना आमाबुवालाई घरधन्दामा सघाउने गर्नुपर्थ्यो ।

२१ वर्षको उमेरमा उनी घर छाडेर काठमाडौंमा घरेलु कामदारका रूपमा आइन् । आफ्नो कमाइजति सबै घर पठाइन्, जसका कारण उनका बहिनीहरू विद्यालय जाने अवसर पाए र परिवारमा भविष्यप्रति नयाँ आशाको सञ्चार भयो ।

२०१५ को भूकम्पले उनको परिवारमा ठूलो दुःख ल्याइदियो । उनीहरूको एक मात्र घर भूकम्पले भग्नावशेषमा परिणत गरिदियो, केही सहयोग हुन्छ कि भनेर शर्मीला गाउँ फर्किइन् । भाग्यबस उनी युएनडीपीको नेतृत्वमा सञ्चालित पुनर्निर्माणका लागि आवश्यक पर्ने ठूलो संख्यामा सिकर्मीलाई तालिम दिने अभियानका लागि छानिइन् । शर्मीलाले तत्कालै आफ्नो नयाँ सीपलाई व्यवसायमा बदलिन् र आफ्नो बुवासँगै अर्धदक्ष निर्माण कामदारका रूपमा आफ्नो घर पुनर्निर्माणमा सहभागी भइन् । स्थानीयहरूले उनको सीपलाई देखे र उनले दक्ष सिकर्मीका रूपमा माझी समुदाय बाहिर पनि ख्याति कमाइन् ।

भूकम्प गएको तीन वर्ष बितिसकेको छ, शर्मीला र उनका बुवा मिलेर अहिलेसम्म १० वटा घर निर्माण गरिसकेका छन् । कामका कारण उनको परिवारमा समृद्धि फर्किएको छ । भूकम्पपछि विद्यालय जान छाडे का उनका बहिनीहरू अहिले फेरि भर्ना भएका छन् । घरमा परिवारका लागि पुग्दो खानेकुरा छ । अहिले जीवन राम्ररी चलिरहेको उनी बताउँछिन् । तालिमपछिको उनको मेहनत प्रशंसायोग्य छ ।



खण्ड ४

# लैंगिक समानता र सामाजिक समावेशिता

२०१७ को निर्वाचनमा महिलाको सफल सहभागिता र विजयपछि नेपालले राष्ट्रव्यापी रूपमा समानता र समावेशितातर्फ पाइला चालेको छ। नव निर्वाचित अधिकारीहरूका लागि यो नयाँ भूमिका भएकाले युएनडीपी केन्द्र, प्रदेश र स्थानीय सरकारमा निर्वाचित विशेषगरी महिला र सीमान्तकृत समुदायका प्रतिनिधिहरूको क्षमता अभिवृद्धिमा केन्द्रित छ।

लैंगिक समानता र सामाजिक समावेशिताको सवालमा स्थानीय सरकारलाई थप सुदृढीकरण गर्न युएनडीपीले संयुक्त राष्ट्र संघ र विकास साझेदारसँगको सहकार्यमा सामाजिमा समावेशिता र निष्पक्ष योजना, नेपालको संघीयतामा निर्वाचित स्थानीय अधिकारीहरूको भूमिका र दायित्व विषयमा सन्दर्भ सामग्री र हातेपुस्तिका विकास गरेको छ, जुन पहिलो चरणमा ५० वटा स्थानीय सरकारमा जारी गरिएको छ। सामाजिक समावेशिता र निष्पक्ष योजना प्रक्रियाको विषयमा कम्तीमा पनि २५ स्थानीय जनप्रतिनिधिहरूलाई तालिम दिइएको छ।  यूएन विमेनसँगको साझेदारीमा युएनडीपीले कर्णाली र प्रदेश ५ का प्रदेश सांसद र स्थानीय सरकारका प्रतिनिधिलाई लैंगिक उत्तरदायी बजेट निर्माण र योजनाको विषयमा अभिमुखीकरण गरेको छ।

नीति निर्माण तहमा महिलाको बढ्दो सहभागिता र श्रम शक्ति सहभागितामा घट्दो लैंगिक भिन्नताका कारण लैंगिक भिन्नता सूचकांक (ग्लोबल जेन्डर ग्याप इन्डेक्स २०१८) मा नेपाल १०५ औं स्थानमा उक्लिएको छ। दक्षिण एसियामा नेपाल तेस्रो स्थानमा छ। २०१५ को भन्दा नेपाल ५ स्थान माथि उक्लिएको छ। मौलिक अधिकारसम्बन्धी कानुन, फौजदारी र देवानी संहिताजस्ता कानुन निर्माणको महत्वपूर्ण कोसेढुंगा पार भएको छ।



महिला, सीमान्तकृत समूह, युवा, अपांगता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, बालबालिकाको अधिकार पर्याप्त रूपमा संरक्षण गरिएको सुनिश्चितता गर्न युएनडीपीले १० वटा विधेयकको मस्यौदालाई लैंगिक र समावेशिताका दृष्टिकोणबाट समीक्षा गर्नका लागि सहयोग गरेको थियो। नेपालको संविधानअन्तर्गत लैंगिक र सामाजिक समावेशिताको विषय सम्बोधनका लागि उनीहरूको भूमिका तथा उत्तरदायित्वबारे न्यायिक समितिका ७० भन्दा बढी प्रमुखहरूलाई तालिम दिइएको छ।

महिला र सीमान्तकृत समुदायको आर्थिक सशक्तिकरणमार्फत लैङ्गिक समानता प्रवर्द्धन गर्ने जारी प्रयासलाई युएनडीपीले निरन्तरता दिएको छ। १ लाख ४० हजार (७० प्रतिशत महिला) लाई उद्यमी बन्नका लागि सहयोग पुऱ्याएपछि यो वर्ष युएनडीपीले आफ्नो लघु उद्यम विकास कार्यक्रम (मेडेप) नेपाल सरकारलाई सफलतापूर्वक हस्तान्तरण गरेको छ। एकल महिला लघु वित्त संस्थाको निर्देशिका विकासका लागि तथा लघु वित्त संस्था स्थापना, व्यवसाय विकास, लेखा तथा उद्यम विकासका लागि तालिम दिन युएनडीपीले सहयोग गरेको छ, जसका कारण देशभर महिलाका नेतृत्वमा ९४ नयाँ उद्यम स्थापना भएका छन्। लैंगिक आधारमा हुने हिंसाको सम्बोधन मुख्य प्राथमिकतामा रहेको छ। युएनडीपीले संयुक्त राष्ट्रसंघका अन्य निकायहरूसँगको साझेदारीमा अधिवक्ता, प्रहरी, केन्द्र र प्रदेशका मन्त्रालय, स्वास्थ्यकर्मी र नागरिक समाजका प्रतिनिधिसहित १ सयभन्दा बढीसँग लैंगिक आधारमा हुने हिंसा सम्बोधनका लागि बहुक्षेत्रगत सेवाको विषयमा देशव्यापी छलफल सञ्चालन गरेको थियो। उक्त छलफलले विभिन्न क्षेत्रका विद्यमान कानुन, संयन्त्र र अभ्यासका आधार बनाएको थियो र लैंगिक आधारमा हुने हिंसाविरुद्ध लड्न बहुआयामिक शैली सुदृढीकरणको उपाय सुझाएको थियो।

महिला हिंसा विरुद्धको १६ दिने अभियानको क्रममा युएनडीपी र संयुक्त राष्ट्रसंघका अन्य निकायहरूले सातवटै प्रदेश सभासँग साझेदारी गरी लैंगिक आधारमा हुने हिंसाविरुद्ध जनचेतनामूलक कार्यक्रम र छलफल आयोजना गरेको थियो। विश्वव्यापी 'सुन्तला रङ' अभियानको समर्थन गर्दै सबै प्रदेश सभाका भवनहरू सुन्तला रङको बत्तीले झकिझकाउ पारिएको थियो। लैंगिक आधारमा हुने हिंसा सम्बोधनका लागि सांसदहरूको भूमिका विषयमा केन्द्रित छलफलमा प्रदेश सांसद, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मी गरी ५ सयभन्दा बढीको सहभागिता थियो।

कोही नछुटुन् भन्ने दिगो विकास लक्ष्यको सिद्धान्त आत्मसात् गर्दै युएनडीपी, यूएनएफपीए, यूएन विमेन र विश्व स्वास्थ्य संगठनले एलजीबीटीआई समुदायको वकालत गर्ने संस्थाहरू र अपांगता भएका व्यक्तिहरूलाई सांसदहरूसमक्ष आफ्नो आवाज र चासोलाई उठाउनका लागि समर्थन गरेका थिए। यस्तो हस्तक्षेपले यस्ता संगठन र तिनका आवाजहरूलाई बलियो बनाउने तथा सामाजिक विभेद सम्बोधन गरेको अपेक्षा छ। अपांगता भएका व्यक्ति र अवसरबाट वञ्चित अन्य समुदायको आवश्यकता सम्बोधन गर्ने गरी राष्ट्रिय तथा स्थानीय नीति, बजेट र सेवा उत्तरदायी हुने हुने अपेक्षा छ।

नेपालले हस्ताक्षर गरेको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिका दायित्व प्रभावकारी रूपमा पालना गर्न आफ्नो सहयोगलाई युएनडीपीले निरन्तरता दिएको छ। नेपालले महिलाविरुद्ध हुने सबै खालको भेदभाव अन्त्य गर्ने सम्बन्धी महासन्धि, सबै खालका जातीय विभेद अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धिसहित २०१८ मा नेपालले तीनवटा अन्तर्राष्ट्रिय महासन्धि समीक्षा गरेको थियो। सबै समीक्षाका लागि प्रतिवेदन तयार पार्न युएनडीपीले राष्ट्रिय मानव अधिकार आयोग र सम्बन्धित नागरिक समाज समूहलाई सघाएको थियो।

यसैगरी सीईडीएडब्लू र सीआरपीडीजस्ता विश्वव्यापी फोरममा नागरिक समाजको सहभागिताका लागि प्रस्ट र समन्वयकारी संयन्त्र तयार पार्नका लागि पनि युएनडीपीले सघाएको थियो। यस्तो सहभागिताले उनीहरूको सिकाइ बढ्नुका साथै उनीहरूका मुद्दा प्रभावकारी रूपमा प्रस्तुत गर्ने अवसर पनि दिएको छ।

*युएनडीपी र संयुक्त राष्ट्रसंघका अन्य निकायहरूले सातवटै प्रदेश सभासँग साझेदारी गरी लैंगिक आधारमा हुने हिंसाविरुद्ध जनचेतनामूलक कार्यक्रम र छलफल आयोजना गरेको थियो।*

# अपाङ्ता भएका व्यक्तिका लागि समावेशी विकासको प्रवर्द्धन

दुर्गममा रहेकाहरूकहाँ पहिला पुग्ने र कोही पनि नछुटुन् भन्ने दिगो विकास लक्ष्यको भावना पूरा गर्न युएनडीपीले नेपाल सरकार र नागरिक समाजसँग नजिक रहेर काम गरेको छ। एजेन्डा २०३० र दिगो लक्ष्य, अपांगता भएका व्यक्तिहरूको महासन्धि तथा अन्य अन्तर्राष्ट्रिय सन्धिहरूको हस्ताक्षर कर्ता भएको नाताले राष्ट्रिय तथा प्रदेशस्तरीय नीति तथा कार्यक्रममा अपांगता भएका व्यक्तिसहित सबैका लागि सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु नेपालको प्रस्ट दायित्व हो।




*मानव अधिकारका लागि दौड म्याराथनको क्रममा आयोजित ३ किलोमिटरको ह्वीलचेयर दौडमा सहभागीहरु।* © *युएनडीपी नेपाल*

महिलाविरुद्ध सबै खाले विभेद अन्त्यसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिसँग तुलना गरी नेपाल सरकारको आवधिक योजना समीक्षा गर्न २०१८ मा युएनडीपीले राष्ट्रिय मानव अधिकार आयोगसहित विभिन्न सरोकारवालाहरूलाई प्राविधिक सहायता उपलब्ध गराएको छ। नागरिक समाज संगठनलाई उनीहरूको आफ्नै अवलोकन र चासो प्रस्तुत गर्न सघाउँदै युएनडीपीले अपांगताको अधिकारका लागि काम गरिरहेको र अपांगता भएका व्यक्तिहरूको छाता संगठन राष्ट्रिय अपांग महासंघलाई पनि अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि कार्यान्वय अवस्थाको विषयमा छुट्टै नागरिक समाज प्रतिवेदन (छायाँ) प्रतिवेदन तयार पार्नका लागि सहयोग गरेको थियो।

सन् २०१० मा महासन्धि कार्यान्वयन सुरु भएपछि नेपालले २०१७ मा लागू गरेको अपांगता अधिकार ऐन २०१७ लाई लिएर संयुक्त राष्ट्रसंघको अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समितिले पनि नेपालले गरेको प्रगतिको प्रशंसा गरेको छ। नयाँ कानुनले अपांगतासम्बन्धी विषयलाई अनुदानमा आधारित मोडल नभई अधिकारमा आधारित मोडलमार्फत सम्बोधन गर्ने नेपालको प्रतिबद्धता प्रदर्शन गरेको छ।

नागरिक समाजलाई महिला अवस्था आयोग, सीईडीएडब्लू, सीईआरडी र सीआरपीडीजस्ता अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता जनाउनका लागि सहयोग गने उद्देश्यले बलियो र समन्वयकारी संयन्त्र निर्माणमा पनि युएनडीपीले सघाएको छ। यस्तो सहभागिताले उनीहरूको सिकाइ बढ्नुको साथै उनीहरूका मुद्दा प्रभावकारी रूपमा प्रस्तुत गर्ने अवसर पनि दिएको छ।

अपांगता भएका युवाहरूको राष्ट्रिय सम्मेलन आयोजनाका लागि राष्ट्रिय अपांग महासंघ, अपांगता भएका व्यक्तिको अधिकार प्रवर्द्धन अन्तर्राष्ट्रिय संस्था, योर्क विश्वविद्यालय र अन्य निकायसँग युएनडीपीले पनि हातेमालो गरेको थियो। यो सम्मेलन अपांगता भएका व्यक्तिहरूको रोजगारी तथा उद्यमजस्ता जीविकोपार्जनको विषयमा केन्द्रित थियो, जुन कोही पनि नछुटुन् भन्ने दिगो विकास लक्ष्यको भावनासँग सम्बन्धित छ। अपांगता भएका नेपाली युवाहरूले भाग्नुपरेको चुनौती र अवसरको विषयमा अनुभव आदानप्रदानका लागि सातवटै प्रदेशबाट अपांगता भएका र नभएका गरी १ सय ३५ युवाहरू सम्मेलनमा सहभागी भएका थिए।

# २०१८ मा
# युएनडीपी नेपालको अन्वेषण

विकास चुनौती सामना गरिरहेका मानिस, सरकार र प्रयोगकर्ता तथा उपभोक्तालाई सहायता गर्ने गरी प्रभावकारी समाधान पहिचान गर्नु नै विकास अन्वेषण हो । २०१८ मा युएनडीपीले सामाजिक उद्यम, नवीकरणीय ऊर्जा, जलवायु परिवर्तनको तथ्यांक र सार्वजनिक सेवा प्रवाह सुधारका लागि विभिन्न नवीन सोचलाई परीक्षण र विस्तार गरेको छ ।

## ग्रिड कनेक्सन

युएनडीपी नेतृत्वको अभियानले २०१८ मा एक्लो अवस्थाको लघु जलविद्युत् आयोजना राष्ट्रिय ग्रिडमा जोडियो, जसका कारण लघु जलविद्युत् केन्द्रले खपतबाट बढी भएको विद्युत् राष्ट्रिय प्रणालीमा बिक्री गरी आम्दानी वृद्धिको अवसर पायो । नुवाकोटस्थित स्याउरे भूमि लघु जलविद्युत् केन्द्र यसरी राष्ट्रिय ग्रिडमा जोडिने पहिलो आयोजना थियो र त्यसपछि तीनवटा थप आयोजनाहरू जोडिए । अब अन्य सयौं लघु जलविद्युत् केन्द्रलाई राष्ट्रिय ग्रिडमा जोडिने बाटो खुलेको छ भने यसका कारण नेपालका सबैभन्दा जाखिमयुक्त मध्येका मानिसहरूलाई आम्दानीको स्रोत र भरपर्दो ऊर्जा प्राप्त भएको छ ।

## जलवायु बजेटको तथ्यांक

युएनडीपीको सहयोगमा नेपाल सरकारले कृषि क्षेत्रमा जलवायु उत्थानशील खर्चको तथ्यांक राख्न नवीन साधन प्रयोगमा ल्याएको छ, जसले जलवायु प्रतिक्रियाको थप सुदृढ योजना तथा अनुगमनका लागि सहयोग गर्छ ।

## प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको जानकारी व्यवस्थापन प्रणाली

युएनडीपीले नेपाल सरकारलाई बेरोजगारी समस्या सम्बोधन गर्नका लागि व्यापार तथा व्यावसायिक तालिम र शिक्षा क्षेत्र सुधार गर्न र देशभरका १ लाख ५० हजार व्यक्तिको सीप नक्सांकन प्रणाली विकास र सञ्चालनका लागि सहयोग गरेको छ । वेबमा आधारित देशव्यापी जानकारी व्यवस्थापन प्रणालीले नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम कार्यक्रमको गुणस्तर सुधार्न सहयोग गर्छ ।

## नवीन सामाजिक उद्यम

युएनडीपीले बैंककस्थित आफ्नो क्षेत्रीय हबसँगको साझेदारीमा सामाजिक उद्यमशीलताका लागि सयौं युवाहरूलाई आफ्नो नवीन सोच मूर्त रूप दिने काममा संलग्न गराएको छ । यूथ को-ल्याब नामले परिचित नेपाल केन्द्रित कार्यक्रममार्फत सामाजिक उद्यमशीलताका ५० बी नवीन सोचहरू सार्वजनिक गरिएको छ, जसमध्ये उत्कृष्ट दुई नवीन सोच थप विस्तारका लागि छनोट भएका छन् । थ्रीडी नक्सांकन र जैविक खेतीमा केन्द्रित दुई नवीन सोच छनोट भएका हुन् ।

## क्लाइमेट लन्चप्याड

युएनडीपी र अन्य निकायसँगको साझेदारीमा इमर्जिङ टेक्नोलोजिजले क्लाइमेट लन्चप्याड प्रतिस्पर्धाको नेपाल संस्करण आयोजना गरेको थियो । यो हरित अन्वेषण अभियानमा आधारित विश्वव्यापी प्रतियोगिता हो, जसले सयौं नवीन सोचलाई मूर्तरूप दिएको छ । प्रतिस्पर्धाबाट ग्रिन कोल पेलेट, ईई ब्रिक र किसान एग्रो नाम दिइएको नवीन सोच थप विस्तारका लागि छानिएका छन् । यी तीनै सोचाइहरू ईंटा भट्टामा कार्बन न्यूनीकरण र जलवायु उत्थानशील कृषिमा केन्द्रित छन् ।



*काठमाडौंमा युएनडीपीले आयोजना गरेको एक कार्यक्रममा सम्बोधन गर्दै युएनडीपीकी पहिलो गैरमानव अन्वेषण दूत रोबोट सोफिया।*
*लक्ष्मीप्रसाद ङाखुशी, युएनडीपी नेपाल*

## सामाजिक भलाइका लागि एआई

सोसल गुड समिट २०१८ को एक अंगका रूपमा युएनडीपीले विकासका लागि आर्टिफिसियल इन्टेलिजेन्स (एआइडी) सँगको सहकार्यमा एक बुट क्याम्पको आयोजना गरेको थियो, जसमा ५० भन्दा बढी महिला कोडर (कम्प्युटर भाषामा लेख्ने) तथा सूचना प्रविधिका विद्यार्थी सहभागी थिए। इन्जिनियरिङ संस्थानमा आयोजित यो कार्यक्रमले विद्यार्थी र कोडरहरूलाई विज्ञहरूसँग परिचित गराउनुको साथै दिगो विकास लक्ष्यका लागि प्रविधिको प्रयोग विषयमा परामर्श प्रदान गरेको थियो।

## सोलार पम्प

२०१८ मा युएनडीपीबाट सुरुवात गरिएको सौर्य ऊर्जाबाट चल्ने सोलार पम्प जनकपुरमा कृषकहरूमाझ लोकप्रिय भइरहेको छ। कार्बन शून्य र यताउता लैजान सहज हुने यो प्रविधिबाट त्यहाँका कम्तीमा पनि ३० कृषक परिवार लाभान्वित बनेका छन्।

## मिनी मेकर फेयर

युएनडीपीको सहायतामा नेपाल कम्युनिटीद्वारा आयोजित काठमाडौं ह्युमानिटेरियन मिनी मेकर फेयर विभिन्न समुदायले भोग्दै आएको समस्या समाधान गर्ने विश्वव्यापी अन्वेषणकर्ताहरूको विशिष्ट भेला हो। यो मेलामा १५ सयभन्दा बढी अवलोकनकर्ताहरू आएका थिए, जहाँ उनीहरूले शिक्षा, स्वास्थ्य र वातावरणसँग सम्बन्धित अन्वेषणबारे जानकारी हासिल गरे।

## सार्वजनिक सेवाका लागि प्रविधि

प्रविधि र अन्वेषणले कसरी सुशासन, दिगो विकास लक्ष्य हासिलमा सहयोग गर्छन् भन्ने छलफलका लागि सहजीकरण गर्न युएनडीपीले सार्वजनिक सेवाका लागि प्रविधि विषयक सम्मेलन आयोजना गरेको थियो। युएनडीपीको गैर मानव सद्भाव दूत सोफिया मुख्य वक्ताका रूपमा उपस्थित कार्यक्रमले सञ्चार माध्यममा ठूलो चर्चा पायो। १६ मेयर तथा उपमेयर गरी २ सयभन्दा बढीले कार्यक्रममा सहभागिता जनाएका थिए।

## फोहोर पुनर्प्रयोग

युएनडीपीले रोबोटिक्स एसोसिएसन अफ नेपाललाई प्लास्टिकजन्य फोहोरको प्रयोग गरी थ्रीडी पिन्टिङमार्फत सामान उत्पादन गर्न सक्ने प्रविधि प्रयोगका लागि सहायता गरेको छ। ग्लोबल इन्भारोमेन्ट फ्यासिलिटीको साना अनुदान कार्यक्रमको लगानीको यो प्रविधि नेपालका अन्य सहरमा पनि विस्तार गर्न सकिने खालको छ।

# युएनडीपीका शाखा कार्यालयहरू

**सन् २०१८ डिसेम्बरसम्म**




## धनगढी

२०१८ मा सुदूरपश्चिमका स्थानीय र प्रदेश सरकारसँग साझेदारी निर्माणका लागि युएनडीपीको धनगढी शाखा कार्यालयले मुख्य भूमिका निर्वाह गऱ्यो । यसका धेरैजसो प्रयास प्रदेशको योजना र दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नका लागि निर्वाचित प्रदेश सांसदको क्षमता विकासमा केन्द्रित थियो । प्रदेशको सामाजिक विकास मन्त्रालयसँग युएनडीपीले सहकार्य गऱ्यो भने संयुक्त राष्ट्रसंघका अन्य निकायले अपांगता भएका व्यक्तिहरूको अधिकार उन्नत बनाउनका लागि काम गरे । लक्षित अभियान तथा कार्यक्रममार्फत दिगो विकास लक्ष्यको वकालत र युवा सशक्तिकरणका लागि सरकार तथा नागरिक समाज संगठनसँग नजिक रहेर यो कार्यालयले कामलाई निरन्तरता दिएको छ । यही अभियानअन्तर्गत धनगढीका निजी तथा सार्वजनिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूमाझ अन्वेषण मेला आयोजना गरिएको थियो, जहाँ उनीहरूले मुख्य विकास चुनौतीको सामना गर्ने आफ्ना सोचाइहरू प्रस्तुत गरे ।




## सुर्खेत

२०१८ मा नेपालगन्जस्थित शाखा कार्यालय सुर्खेत सरेको छ । सुर्खेत कर्णाली प्रदेशको राजधानी हो । नव निर्मित संघीय संरचनामा युएनडीपीको उपस्थिति बनाउन र स्थानीय तथा प्रदेश सरकारसँग बलियो समन्वय गर्न शाखा कार्यालय सारिएको हो । प्रदेशको दिगो विकास लक्ष्य आधार प्रतिवेदन तयारी, दिगो विकास लक्ष्यसँग मिल्ने गरी प्रदेशको वार्षिक कार्ययोजनाको मस्यौदा र कार्यान्वयनका लागि यो कार्यालयले प्रदेश संसद् सचिवालयसँग संयोजन गर्दै नजिक रहेर काम गऱ्यो । विश्व वातावरण दिवस, भ्रष्टाचारविरुद्धको दिवस र अन्तर्राष्ट्रिय महिला दिवसजस्ता अवसरमा संयुक्त रूपमा कार्यक्रम संयोजन गर्न नागरिक समाज संगठन, स्थानीय र प्रदेश सरकारलाई युएनडीपीले एकत्रित पाऱ्यो ।






## बुटवल

बुटवल शाखा २०१८ को अन्त्यतिर स्थापना भएको युएनडीपीको नयाँ कार्यालय हो। यो कार्यालयले गण्डकी र प्रदेश ५ मा युएनडीपीका कामको समन्वय गर्छ। प्रदेश ५ र गण्डकी प्रदेश सरकार तथा केन्द्रमा राष्ट्रिय योजना आयोगसँगको समन्वयमा यो कार्यालयले दुवै प्रदेशका प्रदेशस्तरीय दिगो विकास लक्ष्य आधार प्रतिवेदन तयार पार्न सहायता गरेको छ। प्रतिवेदनमा दिगो विकास लक्ष्य हासिल गर्नमा प्रदेशले गरेको प्रगति र उक्त लक्ष्य २०३० सम्म हासिल गर्नका लागि मार्गचित्र उल्लेख गरिएको छ। संघीय र प्रदेश सभाले संयुक्त रूपमा दुवै प्रदेशका सांसद तथा प्रदेश सभाका कर्मचारीलाई कानुन निर्माणको प्रक्रियाबारे अभिमुखीकरण गर्ने कार्यक्रम आयोजनाका लागि सहयोग गर्न कार्यालयले महत्वपूर्ण भूमिका खेलेको छ।




## विराटनगर*

विराटनगर शाखा कार्यालयले प्रदेश १,२ र ३ मा हुने क्रियाकलापको समन्वय गर्छ। २०१८ को अन्त्यतिर प्रदेश २ को राजधानी जनकपुर सारिएको यो कार्यालयले प्रदेश र स्थानीय सरकारसँग समन्वय र साझेदारी निर्माणका लागि सक्रिय भूमिका खेलेको छ। संघीयताको सन्दर्भमा यो कार्यालयले दिगो विकास लक्ष्यको स्थानीयकरणका लागि प्रदेश र स्थानीय सरकारलाई नीति तथा योजना निर्माणमा महत्वपूर्ण सहायता प्रदान गरेको छ। प्रदेश १ को संसद्सँग संयुक्त रूपमा यूएन ओमन र यूएनएचसीआर र शाखा कार्यालयले महिला हिंसाविरुद्धको १६ दिने अभियान मनाउनका लागि सार्वजनिक जनचेतना अभियान र अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो। विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित क्रियाकलापका लागि केन्द्रीय निकायका रूपमा शाखा कार्यालयले सरकारी र गैरसरकारी निकायबीच समन्वयका लागि पनि सहयोग गरेको छ।

* The Biratnagar field office was moved to Janakpur in late 2018.


# अनुसन्धान र प्रकाशन २०१८

युएनडीपीका अनुसन्धान र प्रकाशनहरूको थप विवरणका लागि np.undp.org मा जानुहोस् ।





### राष्ट्रिय विपद् प्रतिवेदन २०१७

नेपालका ८० प्रतिशतभन्दा बढी जनसंख्या बाढी, पहिलो, भूकम्प, हिउँ पग्लेर आउने बाढीजस्ता प्राकृतिक विपद्को उच्च जोखिममा छन् । राष्ट्रिय विपद् प्रतिवेदनले २०१५-२०१६ मा विपद् जोखिम व्यवस्थापनमा नेपालको अनुभव समेटेको छ । यो प्रतिवेदनले मुख्य सिकाइ र विपद् व्यवस्थापनमा मुख्य चुनौतीलाई समाविष्ट गरेको छ । यसले प्रभावकारी विपद् सम्बोधन, जोखिम न्यूनीकरण र पुनरुत्थानका लागि प्राथमिकताका कार्यहरू पहिचान गरेको छ ।




### दक्षिण एसियामा मानव अधिकार र दण्डहीनता

काठमाडौंमा आयोजित मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको निष्कर्षमा आधारित पुस्तकले दण्डहीनतासम्बन्धी मुद्दा व्यवस्थापनमा दक्षिण एसियाली मुलुकको अनुभवबारे गहिरो जानकारी दिन्छ । मानव अधिकार रक्षक र निकायहरूको उपस्थिति हुँदाहुँदै पनि दक्षिण एसियामा द्वन्द्वपछिको अवस्थामा मानव अधिकारको उद्देश्य हासिल गर्नु कठिन काम भएको पुस्तकले प्रस्ट्याएको छ ।





### स्थानीय तहमा विवाद समाधान

राष्ट्रिय मानव अधिकार आयोगले तयार पारेको यो हाते पुस्तिका स्थानीय तहमा मानव अधिकारमैत्री वातावरण प्रवर्द्धनका लागि केन्द्रित छ । विवाद समाधानका लागि स्थानीय तहको भूमिकाको विषयमा पुस्तक केन्द्रित छ । सम्बन्धित सरोकारवालाहरूसँग थुप्रै परामर्श, छलफल र अन्तर्क्रियापछि तयार पारिएको हाते पुस्तिकाले विवाद समाधानको विभिन्न सिद्धान्त र स्थानीय तहमा आयोगको भूमिकाको विषयमा जानकारी उपलब्ध गराउँछ ।




### सफल उद्यमीहरूको सँगालो

मेडेप (एमईडीईपी) ले १ लाख ४० हजारभन्दा बढी मानिसको जीवनमा परिवर्तनकारी प्रभाव पारेको छ । तीमध्ये अधिकांश सफल र सशक्त उद्यमी बनेका छन्, जसले आफ्नो परिवारलाई सहायता गर्ने मात्रै होइन अरूका लागि रोजगारी सिर्जना र आफ्नो समुदायमा अगुवा पनि बनेका छन् । यो सँगालोले सफलमध्येका केही उद्यमीहरूको कथा समेटेको र उनीहरूको तय गरेको यात्राबारे जानकारी दिन्छ । उनीहरूको सफलतामा मेडेपले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा खेलेको भूमिका र उनीहरूले भोगेको संघर्ष तथा अवसरका विषय पनि यसमा समेटिएको छ ।




## उत्थानशील आवास प्रविधिसम्बन्धी हातेपुस्तक

भूकम्प उत्थानशील ग्रामीण भवन निर्माणका लागि सिकर्मीलाई हरेक चरणका लागि निर्देशित गर्ने यो हातेपुस्तकको लक्ष्य हो। नेपालीलाई भूकम्प उत्थानशील आवासबारे जानकारी दिने उद्देश्यले नेपाल सरकारको भवन निर्माण संहिता र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशिकाअनुसारको डिजाइन, नमुना र चेकलिस्ट हातेपुस्तिकामा समावेश गरिएको छ।



## संघीय संसद् : कानुन निर्माण पुस्तिका

संसद्ले कसरी कानुन निर्माण गर्छ भन्ने बारे यो पुस्तिकाले हरेक चरणको जानकारी दिन्छ। कुनै विधेयक जाँच गर्नका लागि कुन प्रमुख क्षेत्रमा समीक्षा गर्नुपर्छ वा उत्तरदायी बनाउनुपर्छ भन्ने विषयमा पनि यसले भित्री जानकारी दिन्छ। सांसदहरू, अनुसन्धानकर्ता, प्राज्ञ तथा संसद्ले कसरी काम गर्छन् भनेर चासो राख्ने अन्य सबैका लागि यो उपयोगी सन्दर्भ सामग्री हुने विश्वास छ।




## नेपालमा आदिवासी महिलाको आर्थिक सशक्तिकरण

राष्ट्रिय आदिवासी महिला महासंघसँगको साझेदारीमा युएनडीपीले यो अनुसन्धान अघि बढाएको हो। आदिवासी महिलाको आर्थिक अवस्थाको बुझाइ गहिरो बनाउने उद्देश्य राखेको यो अनुसन्धानले विशेषगरी सरकारको नीति तथा योजनाअनुसार उनीहरूले कहाँ आफ्नो अधिकार प्रयोग गर्न सक्छन् भन्नेमा केन्द्रित छ। यो अनुसन्धानले आदिवासी महिलाको आर्थिक सशक्तिकरणका लागि सम्बोधन गर्नुपर्ने विशिष्ट आवश्यकता पूरा गर्ने प्रभावकारी उपायको विषयमा पनि उल्लेख गरेको छ।





## पाँचवर्षे संलग्नताको तस्बिरहरू

युएनडीपीको नेपालमा २०१३ देखि २०१७ सम्मको महत्वपूर्ण क्षणलाई यो तस्बिर पुस्तिकाले प्रस्तुत गरेको छ। यो हाम्रो योगदानलाई प्रभावकारी बनाउन समर्पित देशभरका विभिन्न क्षेत्रका धेरै नेपालीप्रतिको सम्मान हो।




## नेपालमा दिगो विकास लक्ष्य : इन्फोग्राफिक्स

सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने गरी १७ वटा लक्ष्य अंगीकार गर्ने संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रमध्ये नेपाल पनि एक हो। संयुक्त राष्ट्रसंघ नेपाल, युएनडीपी र संयुक्त राष्ट्रसंघका अन्य निकायहरूले नेपाल इन डाटा र रिपब्लिका राष्ट्रिय दैनिकसँगको सहकार्यमा विकास गरेको यो शृंखलाबद्ध इन्फोग्राफिक्सले हरेक प्रदेशले दिगो विकास लक्ष्यका १७ वटा लक्ष्य र अन्य सूचकांकहरू हासिल गर्नका लागि कसरी व्यवस्थापन गरिरहेका छन् भन्ने प्रस्ट्याउँछ।





## बालबालिकाको वातावरण शृंखला

वातावरणसम्बन्धी कथाको शृंखलाबद्ध पुस्तकले वातावरण संरक्षण, जलवायु परिवर्तन र जलवायु जोखिम व्यवस्थापनको विविध पक्ष उजागर गरेको छ। विद्यालयका विद्यार्थी, शिक्षक र अन्य पाठकलाई चाल्नुपर्ने कदमको आवश्यकताबारे शिक्षित, सचेत र संवेदनशील बनाउनु यो पुस्तकको उद्देश्य हो। युएनडीपीले बाल साहित्य तथा अनुसन्धान केन्द्र, नेपाल सरकारको जल तथा मौसम विज्ञान विभागसँग मिलेर यो पुस्तक प्रकाशन गरेको हो।




## नेपालमा विकास वित्त मूल्यांकन

विकास वित्त मूल्यांकनले वर्तमान स्रोतहरूको प्रयोगमा प्रभावकारिता र दक्षता सुधार्नका लागि रणनीतिको पहिचान गर्छ। यो अतिरिक्त स्रोत परिचालनको सम्भावनाका लागि अवसर पनि हो। यस्तो मूल्यांकनले नेपालमा प्रवाह हुने विकास वित्त साथै राष्ट्रिय विकास प्राथमिकताका आधारमा यी वित्त परिचालनमा सहयोग गर्ने संस्था तथा नीतिबारे जानकारी दिन्छ।




## हरित वातावरण कोषसम्बन्धी हातेपुस्तक

यो हातेपुस्तकले हरित वातावरण कोष (ग्रिन क्लाइमेट फन्ड) को लगानी प्राथमिकता तथा राष्ट्रिय जलवायु परिवर्तन नीतिका बृहत् सन्दर्भबारे जानकारी प्रदान गर्छ। साथै यसका लागि कुनै राष्ट्रमा तोकिएको अधिकार प्राप्त निकायको भूमिका र जिम्मेवारी, यसको शासन संयन्त्र, सरोकारवालाको भूमिका तथा संलग्नताको विषयलाई पनि हातेपुस्तकले समेटेको छ। हरित वातावरण कोषबाट नेपालले प्राप्त गर्न सक्ने सहायताका लागि लगानी प्रस्ताव विकासका लागि राष्ट्रिय प्रक्रियाबारे पनि पुस्तकले जानकारी दिएको छ।

UN Volunteers

inspiration in action

# संयुक्त राष्ट्रसंघ स्वयंसेवक




*अन्तर्राष्ट्रिय स्वयंसेवक दिवसमा 'स्वयंसेवकले गर्छन् उत्थानशील समुदाय निर्माण' विषयअन्तर्गत रहेर उत्थानशील नेपाल निर्माणका लागि स्वयंसेवकको अत्यावश्यक भूमिकाको विषयमा जानकारी दिन देशभरका पुरुष, महिला र एलजीबीटीआई युवाहरू गरी ३ सयभन्दा बढी स्वयंसेवक परिचालन गरिएको थियो। युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्को सहकार्यमा यूएनभीले सफाइ र रक्तदान कार्यक्रम आयोजना गरेको थियो।* यूएनभी नेपाल

२०१८ मा संयुक्त राष्ट्रसंघ स्वयंसेवक (यूएनभीएस) ले संयुक्त राष्ट्रसंघ ने पालका अन्य निकायहरूसँग समाहित हुँदै स्वयंसेवाको प्रवर्द्धन गर्दै अन्य आवश्यक विशेष सहायताहरू प्रदान गरेको थियो । यसका लागि युएनडीपी, यूएनएचसीआर, यूएन ओमन, युएनडीपी, यूएनआरसीपीडी, युनिसेफ, डब्लुएचओ र आवासीय संयोजकको कार्यालय संलग्न थिए ।

गत वर्ष युएनडीपीअन्तर्गतको यूएन भोल्युन्टर्सले आफ्नो प्रयासलाई सामुदायिक पूर्वाधार र जीविकोपार्जन पुनरुत्थान, विपद् जोखिम व्यवस्थापन, युवा परिचालन, लाभ शृंखला अभियान र स्थानीय शासन तथा सामुदायिक विकासमा केन्द्रित गर्‍यो ।

## पुनर्निर्माण र विपद् व्यवस्थापनमा स्वयंसेवा

भूकम्प प्रभावित जिल्लाहरूमा पुनर्निर्माण जारी रहँदा यूएनभीले युएनडीपीको सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन पुनरुत्थान कार्यक्रम (सीआईएलआरपी) मार्फत भूकम्पपछि निर्माण भएको सामुदायिक पूर्वाधारको गुणस्तर सुनिश्चितताका लागि सहायता गरेको छ । यसले पछिल्लो प्राविधिक अन्वेषणलाई संस्थागत गर्दै राष्ट्रिय आपत्कालीन सञ्चालन केन्द्र (एनईओसी) मा प्रभावकारी विपद् जानकारी व्यवस्थापन प्रणाली विकासका लागि पनि सहायता गरेको छ । यो प्रणालीले दीर्घकालीन रूपमा नीति निर्माण र निर्णय प्रक्रियाका लागि विपद्सम्बन्धी बलिया तथ्यहरू उपलब्ध गराउँछ ।

## दिगो विकास लक्ष्य स्थानीयकरणका लागि युवा

२०१८ मा यूएनडीको युवा कार्यक्रम दिगो विकास लक्ष्यको स्थानीयकरणमा केन्द्रित रहेर देशभरका १ हजारभन्दा बढी युवाहरूमाझ पुगेको थियो । युथ को :ल्याबमार्फत युवाहरूलाई सामाजिम उद्यमशीलता र अन्वेषणका लागि प्रोत्साहन गर्न अन्वेषण र उद्यमको अगुवा १० वटा युवा नेतृत्वको संस्थाहरूसँग यूएनभीले सहकार्य गरेको थियो । नेपाल सरकारसँगको सहकार्यमा संयुक्त राष्ट्रसंघ नेपालले आफ्नो युवा र दिगो विकास लक्ष्यसम्बन्धी काममार्फत दिगो विकास लक्ष्य हासिलका लागि युवा संलग्नताको प्रवर्द्धन गरिरहेको छ ।



## संयुक्त राष्ट्र संघ स्वयंसेवक आवाजः दुर्गाप्रसाद भट्ट

राष्ट्रिय स्वयंसेवकका रूपमा मैले २०१४ यता नवगठित स्थानीय सरकारको जीआईएस नक्सांकन र स्थानीय तहको आईसीटी सर्वेक्षणमार्फत संघीय संरचनामा योगदान गरेको छु । नमुना ई-शासन नाम दिइएको अभ्यासलाई सुदूरपश्चिममा सञ्चालनका लागि मैले सहायता गरिरहेको छु । प्राविधिक सहायता, सूचना प्रविधि अधिकृतको क्षमता अभिवृद्धि यसअन्तर्गत पर्छन् । यसबाहेक नियमित सहायता, प्रदेश सरकारको विभिन्न कार्यालयमा कार्यरत ८८ मध्ये ८२ सूचना प्रविधि अधिकृतको अनुगमन र सल्लाह दिने काम पनि पर्छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सूचना प्रविधिमैत्री स्थानीय निकायको आवश्यकता महसुस गर्दै ७ सय ५३ वटै स्थानीय तहमा सूचना प्रविधि अधिकृतको पद सिर्जना गरेको छ, यी अधिकृतहरूले राष्ट्रिय यूएन स्वयंसेवकको सुपरीवेक्षणमा काम गर्छन् । स्थानीय शासन र समुदायिक विकास कार्यक्रम (एलजीसीडीपी) लाई सबै प्रदेशमा १० यूएनभी सूचना प्रविधि विज्ञ परिचालनका लागि यूएनभीले सहायता गरेको छ ।

Empowered lives.
Resilient nations.

# युएनडीपी नेपाल र संयुक्त राष्ट्रसंघ प्रणाली




*विश्वव्यापी सुन्तला रङ अभियानको समर्थनमा ७ वटै प्रदेश सभा भवनहरूमा सुन्तला रङको बत्ती बाल्नका लागि यूएनडीले अन्य संयुक्त राष्ट्रसंघीय निकायहरूसँग हातेमालो गरेको छ।*

*किरण पाण्डे, युएनडीपी नेपाल*

नेपालमा संयुक्त राष्ट्रसंघ प्रणालीको अभिन्न अंगका रूपमा युएनडीपीले काम गर्छ। युएनडीपीले नेपालमा गर्नेमध्ये धेरै काम संयुक्त राष्ट्रसंघ आवासीय प्रतिनिधिको नेतृत्वमा रहेका संयुक्त राष्ट्र संघको काममा सहभागिता जनाउनु र सहायता गर्नु हो। युएनडीपीले आफ्नो नयाँ राष्ट्रिय कार्यक्रम (२०१८-२०२२) कार्यान्वयन सुरु गरेको छ। राष्ट्रिय संयुक्त राष्ट्रसंघ विकास सहायता प्रारूप (यूएनडीएएफ) अन्तर्गत तयार पारिएको र सरकारबाट स्वीकृत यो कार्यक्रमले समावेशि आर्थिक वृद्धि, लोकतान्त्रिक सुशासन, कानुनी राज्य र मानव अधिकार, उत्थानशीलता, विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनजस्ता क्षेत्रमा युएनडीपीले गरेका कामलाई समेट्छ। विकास प्राथमिकताका लागि नेपालको प्रतिबद्धतामा युएनडीपीले सहयोग गर्नु दिगो विकास लक्ष्यको उपलब्धि हो।

युएनडीपीले सक्रियतापूर्वक दिगो विकास लक्ष्य कार्य समूह, यूएन सञ्चार समूह र लैंगिक विषय समितिजस्ता विभिन्न विषयगत समूहको नेतृत्व र संलग्नता गराएको छ। नयाँ यूएनडीएफ (२०१८-२२) कार्यान्वयन प्रक्रियामा पनि युएनडीपीले अर्थपूर्ण योगदान गरेको छ। एउटै संयुक्त राष्ट्रसंघका रूपमा सञ्चार गर्नु युएनडीपीको निर्देशक सिद्धान्त हो। त्यसैकारण युएनडीपीको अध्यक्षता रहेको यूएन सञ्चार समूहमार्फत सकेसम्म हरेक कार्यक्रमहरू अन्य सम्बन्धित संयुक्त राष्ट्रसंघीय निकायसँगको साझेदारीमा आयोजना गरिन्छ।

संघीयताको बदलिँदो सन्दर्भमा युएनडीपीले अन्य संयुक्त राष्ट्रसंघीय निकायसँगको साझेदारीमा दिगो विकास लक्ष्यको स्थानीयकरणसँग सम्बन्धित कार्यक्रममा ध्यान केन्द्रित गरेको छ। संयुक्त राष्ट्रसंघले युएनडीपी, यूएन ह्याबिट्याट, युनिसेफ, यूएनएफपीए, यूएनएचसीआरजस्ता संयुक्त राष्ट्रसंघीय निकायसँगको सहकार्यमा दिगो विकास लक्ष्यको स्थानीयकरणसम्बन्धी सन्देश फैलाउनका लागि नेपाल नगरपालिका एसोसिएसनसँग सहकार्य गरेको छ। महिला हिंसाविरुद्धको १६ दिने अभियान मनाउने सन्दर्भमा युएनडीपीले अन्य संयुक्त राष्ट्रसंघीय निकायसँग ७ वटै प्रदेश सभा भवनहरू सुन्तलारङमा सजाउने अभियानका लागि सहकार्य गरेको थियो।

स्थानीय सञ्चार माध्यमसँगको सहकार्यमा युएनडीपीले दिगो विकास लक्ष्य प्रवर्द्धनको नेतृत्व गऱ्यो भने अन्य संयुक्त राष्ट्रसंघीय निकायहरूले शृंखलाबद्ध इन्फोग्राफिक्सको उत्पादन र प्रकाशन गरेर सहकार्य गरे। यस्तो इन्फोग्राफिक्स रिपब्लिका राष्ट्रिय दैनिकमा प्रकाशित भएका थिए, जसमा नेपाल सरकारले राखेको प्रदेश अनुसारका दिगो विकास लक्ष्यहरू समावेश छन्।

संयुक्त राष्ट्रसंघ आवासीय संयोजकको कार्यालयअन्तर्गत रहेर युएनडीपीले दिगो विकासका लागि अन्वेषण नाम दिएर अन्य संयुक्त राष्ट्रसंघीय निकायसँगको समन्वयमा ओपन हाउस डे मनाएको थियो। ओपन हाउस डे भनेको सर्वसाधारणका लागि कार्यालयहरूले ढोका खुला गरी आफ्नो कामबारे जानकारी दिने दिनलाई बुझिन्छ। दातृ निकायका प्रतिनिधि, विद्यार्थी, सरकारी अधिकारी गरी यो कार्यक्रममा १ हजारभन्दा बढी सहभागी थिए।

युएनडीपी र यूएनएफपीएले राष्ट्रिय युवा परिषद्सँगको साझेदारीमा नमुना युवा संसद कार्यक्रम आयोजना गरेको थियो, जसले युवाहरूलाई संसदीय लोकतन्त्रको विषयमा बुझ्न सहयोग गर्नुका साथै नेतृत्व क्षमता विकास र सम्बन्ध विस्तारका लागि अवसर दिएको थियो।

काठमाडौंस्थित संयुक्त राष्ट्रसंघ परिसरमा नयाँ सौर्य ऊर्जा प्रणाली सञ्चालन गर्दै संयुक्त राष्ट्रसंघले विश्व वातावरण दिवस मनाएको थियो। युएनडीपी, डब्लूएचओ, एफएओ र युनिसेफले संयुक्त रूपमा सुरु गरेको सौर्य ऊर्जा प्रणालीले वार्षिक ५२ टन कार्बन उत्सर्जन न्यूनीकरण गर्नुका साथै २६ हजार अमेरिकी डलर विद्युत् महसुल बचत गर्छ।

युएनडीपीले अन्य संयुक्त राष्ट्रसंघीय निकायसँगको समन्वयमा स्थानीय गैरसरकारी संस्था सर्च फर कमन ग्राउन्डलाई सिंहदरबार नामक टेलिशृंखलाको १३ वटा भाग उत्पादन र प्रसारणका लागि सहयोग गरेको थियो, जसमा दिगो विकास लक्ष्य सम्बन्धित मुख्य सन्देशहरू समावेश छन्।

युएनडीपीसहित यूएनएचसीआर, आईएलओ र डब्लूएचओले अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउनका लागि काठमाडौंमा म्याराथन आयोजना गर्न सहयोग गर्नुको साथै सहभागी पनि भएका थिए। दिगो विकास लक्ष्य र मानव अधिकारको प्रवर्द्धनका लागि खेलकुदको भूमिकालाई यो कार्यक्रमले प्रकाश पारेको छ। अपांगता भएका व्यक्तिसहित १ हजारभन्दा बढी मानिसहरू म्याराथनमा सहभागी भएका थिए। म्याराथनमा ह्वीलचेयर दौडका लागि पनि छुट्टै प्रतियोगिता राखिएको थियो।


# लगानी स्रोत र साझेदारी

२०१८ मा युएनडीपीले नेपालमा विभिन्न क्षेत्रमा परियोजनाहरू कार्यान्वयन गर्दै कुल २०.९ मिलियन अमेरिकी डलर खर्च गऱ्यो, जुन यसको आफ्नै कोष, साझेदार, द्विपक्षीय र बहुपक्षीय निकाय र क्षेत्रगत तथा विभिन्न निकाय मिलेर स्थापना गरेको कोषबाट प्राप्त भएको हो। २०१८ का लागि कुल विनियोजित बजेटको ८२ प्रतिशतभन्दा बढी रकम खर्च भएको छ।


कुल खर्चमा युएनडीपीको योगदान २६.९ प्रतिशत थियो भने बाँकी ७३.१ प्रतिशत रकम द्विपक्षीय, बहुपक्षीय र अन्यबाट निकायबाट परिचालन भएका हुन्। क्षेत्रगत हिसाबले २०१८ मा भएको युएनडीपीको खर्च विश्लेषण गर्दा सबैभन्दा बढी खर्च समावेशी आर्थिक वृद्धिको क्षेत्रमा (३९ प्रतिशत) भएको छ भने ३१ प्रतिशत सुशासन तथा कानुनी शासन प्रवर्द्धनमा र ३० प्रतिशत उत्थानशीलता र पुनर्निर्माणमा खर्च भएको छ। २०१८ मा नेपाल सरकारले आन्तरिक स्रोतबाट युएनडीपीसँगको साझेदारीका लागि ४,४८,५६१ अमेरिकी डलर योगदान गरेको छ।

## २०१८ को खर्च


| दातृ निकाय | रकम (अमेरिकी डलरमा) | प्रतिशत |
|---|---|---|
| युएनडीपी | ५,६२५,०५९ | २६.९% |
| संयुक्त अधिराज्य | ३,०१०,३३२ | १४.४% |
| अष्ट्रेलिया | २,४४६,६४५ | ११.७% |
| चीन | २,१६६,३०२ | १०.४% |
| भारत | १,९३४,९४३ | ९.३% |
| नर्वे | १,६११,६५६ | ७.७% |
| युरोपियन युनियन | १,३५५,३६३ | ६.५% |
| कोइका | ७५७,४४३ | ३.६% |
| थाइल्यान्ड | ७०९,०४३ | ३.४% |
| नेपाल | ४४८,५६२ | २.१% |
| जीईएफ | ३५९,७६४ | १.७% |
| जीसीएफ | ९७,६४४ | ०.५% |
| कतार | ८५,२०० | ०.४% |
| यूएनईपी | ७८,९३२ | ०.४% |
| जर्मनी | ६६,३३१ | ०.४% |
| अन्य | ६१,४४६ | ०.३% |
| स्विटजरल्यान्ड | ६१,४४६ | ०.३% |
| **कुल** | **२०,८९२,३४६** | **१००.०%** |




**विषयगत खर्च**





**प्रदेश अनुसार खर्च**




**लैंगिक समानता र सामाजिक समावेशिताका लागि योगदान गर्ने खर्च**

## दिगो विकास लक्ष्य अनुसार युएनडीपीको खर्च




### बुँदाहरू


१. गरिबीको अन्त्य
२. शून्य भोकमरी
३. आरोग्यता तथा कल्याण
४. गुणस्तरीय शिक्षा
५. लैंगिक समानता
६. सफा पानी तथा सरसफाइ
७. खर्चले धान्न सक्ने स्वच्छ ऊर्जा
८. मर्यादित काम तथा आर्थिक वृद्धि
९. उद्योग, नवीन खोज र पूर्वाधार
१०. न्यून असमानता
११. दिगो सहर र समुदायहरू
१२. जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन
१३. जलवायुसम्बन्धी कारबाही
१४. जलमुनिको जीवन
१५. जमिनमाथिको जीवन
१६. शान्ति, न्याय र सशक्त संस्थाहरू
१७. यी लक्ष्यका लागि साझेदारी

# युएनडीपीलाई योगदान गर्ने साझेदारहरू

**नोट** : यसमा द्विपक्षीय र बहुपक्षीय दातृ निकायलाई मात्रै समावेश गरिएको छ। दातृ निकायको पूर्ण विवरण हेर्नका लागि लगानी स्रोत र साझेदारी खण्डमा जानुहोला।



अस्ट्रेलिया



चीन



डेनमार्क



युरोपियन युनियन



फिनल्यान्ड



जर्मनी



भारत



नेपाल



नर्वे



कतार



गणतन्त्र कोरिया



स्विटजरल्यान्ड



थाइल्यान्ड



बेलायत

# यूएनडीपी नेपालः हामी कहाँ काम गर्छौं ?

जनवरी २०१९ सम्मको तथ्यांक




**यूएनडीपी शाखा कार्यालय**

- विराटनगर
- बुटवल
- सुर्खेत
- धनगढी

**राष्ट्रिय कार्यालय**

काठमाडौं

**यूएनडीपी नेपालको योजनाबद्ध लगानी क्षेत्र**

**२ । ६ । ७ प्रदेश**

* विराटनगरस्थित शाखा कार्यालय सन् २०१८ को अन्त्यमा जनकपुर सारिएको छ।





**भ्यालरी जुलियान्ड**, संयुक्त राष्ट्र संघ आवासीय संयोजक
**रेनो मेयर**, नेपाल निर्देशक
**अैशानी मेदागंगोडा लावे**, उप-निर्देशक
**यमनाथ शर्मा**, सहायक निर्देशक
**विजय सिंह**, सहायक निर्देशक
**धर्म स्वर्णकार**, सल्लाहकार
**शान्ति कराञ्जित**, कार्यक्रम विश्लेषक
**बिन्दा मगर**, लैंगिक समानता र सामाजिक समावेशिता विश्लेषक
**बलराम पौडेल**, कार्यक्रम व्यवस्थापन विश्लेषक
**रिचा रञ्जितकार**, सञ्चार विश्लेषक
**लेसली राइट**, सञ्चार सल्लाहकार
**कल्पना सरकार**, कार्यक्रम विश्लेषक
**निरज श्रेष्ठ**, प्रशासन प्रमुख
**कमलराज सिग्देल**, सञ्चार प्रमुख
**टेक टमाटा**, कार्यक्रम विश्लेषक

टोली नेतृत्वकर्ता, कार्यक्रम अधिकृत र परियोजना सञ्चार अधिकृतहरूको योगदानमा यो प्रतिवेदन तयार पारिएको हो ।

डिजाइन तथा छपाइ प्रक्रिया : **दि स्क्वायर डिजाइन कम्युनिकेसन प्रा. लि.**
ज्वागल, कुपन्डोल, ललितपुर, नेपाल
फोनः +९७७ १ ५२६० ९६३/५५३१ ०६३
www.thesquare.agency

मुद्रण : **क्वालिटी प्रिन्टर्स प्रा.लि, काठमाडौं**, फोनः ४२२८८७०

**नेपालमा मुद्रण गरिएको**

**© संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)**
यूएन हाउस, पुल्चोक, ललितपुर
जीपीओ बक्स : १०७, काठमाडौं, नेपाल
फोन : (९७७-१) ५५२३२००
फ्याक्स : (९७७-१) ५५२३९९१/५५२३९८६

UNDP

*Empowered lives.*
*Resilient nations.*

www.np.undp.org

www.facebook.com/undpnepal www.twitter.com/undpnepal www.youtube.com/undpnepal